*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३६
इस्वी सम्बत् २०१६
बिक्रम सम्बत् २०७२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**22nd FEBRUARY 2016**

| वर्ष- ३३ | अङ्क- १० | सि पुन्हि | माघ २०७२ |
|---|---|---|---|





क्रोध नगर, अभिमान नगर, सबै बन्धनबाट पार तरेर जाऊ। म र मेरो भन्दै (नाम) चित्त र शरीर एवं अन्य भौतिक वस्तुको माया मोहमा नटाँस्ने परिग्रह रहित व्यक्तिलाई दुःख र सन्ताप हुनेछैन।

जसले आफूमा उठेको क्रोधलाई रथ रोके झैं रोक्छ, उसलाई साँचो अर्थमा सारथी भनिन्छ। अरू त केवल लगाम समात्ने व्यक्ति मात्र हुनेछ।

क्रोधीलाई अक्रोधले जित्नु। नराम्रो काम गर्ने व्यक्तिलाई राम्रो काम गरेर जित्नु। कञ्जुस व्यक्तिलाई दान गरेर जित्नु। असत्यवादीलाई सत्यवादी भएर जित्नु।

सत्य बोल्नु, क्रोध नगर्नु र मागन आउने समयमा अलिकति भएपनि दान दिनु। यी तीन कार्यले मनुष्य देवलोकमा जानेछ।

बिलकुल निन्दित या बिलकुल प्रशंसित पुरुष न उहिले थियो न कहिल्यै होला न आजकल हुन्छ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान बुद्ध र मैत्री चित्त

क्रोध-रहित भई शान्तपूर्वक मुस्कुराउँदै जीवन जीउन सक्नु नै मैत्रीपूर्ण चित्तको प्रभावले हो । यस्तो अवस्थाको चित्त साधारण मानिसमा दुर्लभ हुन्छ । जुनबेला हाम्रो मनोकामना र इच्छा आकांक्षाहरू परिपूर्ण भइरहन्छ, त्यसबेला मात्र हाम्रो मनमा मैत्रीपूर्ण व्यवहार को प्रयोग भइरहेको हुन्छ । प्रतिकूल अवस्थामा हामीले मैत्रीपूर्ण व्यवहार प्रयोग गर्न असमर्थ हुन्छौं ।

तर सच्चा मैत्रीपूर्ण व्यक्ति त्यही हुन्छ, जसको जीवनमा जस्तोसुकै प्रतिकूल अवस्था आइपरेपनि यसले मनको सन्तुलनलाई डगमगाउन सक्दैन । द्वेष रहित, क्रोध रहित पवित्र मैत्री र करूणाले भरिएको मन हुनेछ । यस्तो शक्ति प्राप्त गर्नको लागि भगवान् बुद्धले हामीलाई अमूल्य शिक्षा सिकाउनु भएको छ । ती शिक्षा सिक्नको लागि भगवान् बुद्धको जीवन कालिन घटनाहरू अध्ययन गर्दै उहाँबाट धेरै आदर्शहरू लिन राम्रो हुनेछ ।

ती घटनाहरू मध्ये कुनै एक घटना यहाँ प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ ।

एकपटक भगवान् बुद्ध कुशीनगर स्थित मल्लहरूको राज्यमा जानु भएको थियो । भगवान् बुद्धलाई स्वागत गर्नको लागि राज्यले नै जनताहरूलाई यसरी आदेश दिइयो–

"दुधे बाल बालिकाहरूलाई स्तनपान गराउनुपर्ने महिलाहरू बाहेक अरू सबै अनिवार्य रूपमा भगवान् बुद्धलाई स्वागत गर्ने कार्यक्रममा उपस्थित हुन आउनु पर्नेछ । यस आदेश पालन नगर्ने व्यक्तिले रू. ५००/– जरिवाना तिर्नु पर्नेछ ।"

यो सूचना सुनेका सबै जनताहरू तोकिएको स्थानमा हाजिर हुन आए । ती मध्ये रोजमल्ल नाम गरेका एक व्यक्तिले आफ्नो अभिमानी व्यवहार प्रस्तुत गर्दै यसरी कराएर हिंड्न थाल्यो–

"म त यस सभामा भगवान् बुद्ध प्रति श्रद्धा चित्त भएर आएको होइन । रू. ५००/– जरिवाना तिर्नु पर्ला भनेर डरले मात्र आएको ।"

रोज मल्लको यस्तो अनादरपूर्ण वचन सुन्नुभएका भिक्षु आनन्दलाई ज्यादै नमज्जा लाग्यो । त्यसैले उहाँले भगवान् बुद्ध समक्ष आफ्नो मनसाय व्यक्त गर्नुहुँदै भन्नुभयो–

"भन्ते ! रोज मल्लको मिथ्या धारणाले भरिएको बांगो मनलाई धर्म बुझाई श्रद्धा उत्पन्न गराउन केही उपाय गर्न पाए हुन्थ्यो ।"

भिक्षु आनन्दको मनसायलाई विचार पुऱ्याउनुहुँदै भगवान् बुद्धले रोजमल्लको चित्तलाई ध्यानदृष्टिले हेर्नुभयो । रोजमल्ल राम्रो संस्कार सहितको व्यक्ति भएकोले उसलाई मैत्रीपूर्वक शिक्षा दिन सकेमा उ सुध्रिने छ भन्ने विषयमा भगवान् बुद्धले थाहा पाउनु भयो । त्यसपछि भगवान् बुद्धले रोजमल्ल प्रति एकाग्र चित्तले मैत्री फैलाउँदै यसरी मैत्री भावना गर्नुभयो–

"यदि मेरो मैत्री चित्त शुद्ध छ भने उक्त शुद्ध मैत्रीको प्रभावले रोज मल्लको गलत धारणा हटोस् । उसले ठीक तरिकाले सोच्ने क्षमता प्राप्त गर्न सकोस् ।"

भगवान् बुद्धको पवित्र मैत्रीयुक्त चित्तले रोजमल्लको मनलाई छोएको कारणले उसको मन परिवर्तन भई उसले यसरी विचार गर्न थाल्यो–

मैले भगवान् बुद्ध प्रति श्रद्धा छैन भन्दै वेकारको फूर्ति लगाउँदै हिंड्नुको के अर्थ ? मेरो यस कार्यले कसैलाई फाइदा पुऱ्याएको देख्दिन । वास्तवमा भगवान् बुद्ध त महान् व्यक्ति हुनुहुन्छ । उहाँले मलाई केही हानी गर्नु भएको पनि त छैन नि । त्यसैले मैले उहाँसंग यस विषयमा क्षमा माग्नु राम्रो हुनेछ । अनि मात्र मेरो मनमा उठिरहेको पश्चातापको आगो शान्त हुनेछ र सन्तोषको श्वास फेर्न पाउने छु ।"

हुन पनि हो निर्दोष र पवित्र व्यक्तिहरूलाई हामीले जति दुर्व्यवहार गर्छौं त्यसको प्रतिफल हाम्रो मनमा अशान्तिको आगो बल्ने हुँदो रहेछ । यो प्रकृतिको नियम हो । जस्तो कर्म रोप्यो त्यस्तै फल आफूलाई प्राप्त हुनेछ ।

यति सोची रोज मल्लले भगवान् बुद्ध समक्ष गई यसरी क्षमा माग्यो–

"भगवान् शास्ता ! मैले अज्ञानीवस अहंकारी बनी तपाईंप्रति द्वेषभाव राख्दै नचाहिने वकवास गर्न पुगें । तर



Downloaded from http://www.dhamma.digital

अहिले विस्तारै मेरो मनमा होश जाग्न थाल्यो । मैले गरेको त्यो कार्य ठीक छैन, बेठीक हो । त्यसैले मेरो मनमा पश्चातापको आगो बल्न थाल्यो । मैले मनको शान्ति गुमाउन पुगें । त्यसैले आफ्नो गलती महसूस गर्दै तपाईं सामू क्षमा माग्न आएँ । मलाई क्षमा गरिदिनुहोस् ।"

रोजमल्लले आत्मालोचना गरेको कारणले भगवान् बुद्धले भन्नुभयो– "तिमीले आफ्नो दोषलाई देख्यौ र त्यही ठूलो हो । आफ्नो गल्तीलाई महसूस गरी त्यस गल्तीलाई पुनः दोहरिन नदिनु नै महानता हो । त्यसैले तिमीलाई क्षमा भयो ।"

भगवान् बुद्धको मैत्री भावनाको शक्तिले रोज मल्ल जस्तो अभिमानी व्यक्तिको हृदय परिवर्तन भएको देखी त्यहाँ उपस्थित मानिसहरूले बुद्धप्रति हर्षपूर्वक श्रद्धा व्यक्त गर्न थाले । त्यसैले हाम्रो मनले मैत्री भावलाई निश्वार्थपूर्वक फैलाउन सक्यौं भने यसले शान्तिपूर्ण वातावरणलाई निम्त्याउन सक्ने निश्चित छ । तर यस कार्यलाई कार्यान्वयन गर्न भने हामी त्यति सफल भइरहेको देखिंदैन । यसको मुख्य कारण हाम्रो दूषित र उत्तेजित हुने स्वभाव, स्वार्थयुक्त एवं चञ्चल चित्त नै हो भन्दा अत्युक्ति हुने छैन ।

### *आवरण तस्विरको परिचय*

कठ्यांग्रिएको जाडो याममा विहान सबेरै पाप पखाली पुण्य कमाउने आशाले थुरुथुरु काम्दै नदीमा नुहाउँदै गरेका एक ब्राह्मण बाजेलाई पानी भर्न आएकी पूर्णा दासीले नदीमा नुहाउँदैमा आफ्नो पाप पखालिने र धर्म कमाइने होइन । निस्वार्थ चितले आफ्नो र अरूको भलो सोची जसले काम गर्छ उसले मात्र पुण्य कमाउने छ र पाप पखाल्न सक्षम हुनेछ । दुष्ट चित्तले रोपेको नराम्रो कर्मको फल पानीले पखाल्न सक्दैन । पानीले पाप पखाली चित्त शुद्ध पार्ने हो भने पानी भित्र नै जीविका गरिराखेका गोही, माछा आदि जलचर प्राणीहरू त स्वतहः नै शुद्ध र पवित्र प्राणी हुने भए नी भनी ब्राह्मण बाजेको मिथ्या धारणा हटाउन उपदेश दिँदै गरेको दृष्य ।

*- सम्पादक*

### ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) जुजुभाई तुलाधर, मङ्गललक्ष्मी तुलाधर, कालो पुल – रू. २,०००/-
२) नामरुप पुचः, सानो भऱ्याङ्ग – रू. २,०००/-
३) प्रियन्का तुलाधर, टेंगल – रू. २०००/-
४) निर्मला मानन्धर, असन, कमलाक्षी पौष र माघ दुई महिनाको – रू. १,०००/-
५) श्यामलाल चित्रकार, हाडिगाउँ – रू. १,०००/-
६) राकेश शाक्य, बनेपा – रू. ५००/-
७) बुध्द भक्त रञ्जित, बनेपा – रू. ५००/-
८) प्रेमज्योती शाक्य, बनेपा – रू. ५००/-
९) योग राज शिलाकार स्व. रत्नमाया शिलाकार को पुण्यस्मृतिमा भोजन प्रदान ।
१०) तुयू लक्ष्मी, अशोकरत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
११) सानु नानी कंसाकार, क्षत्रपाटीबाट भोजन प्रदान ।
१२) काठु गणेश वचत तथा ऋण सहकारी संस्था बनेपाबाट फलफूल बिस्कुट वितरण ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१३) केशचन्द्र शाक्य, बनेपा आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/-

## अनित्य–दुःख–अनात्म

**✍ गणेश माली**

*अनित्य नै छ यो संसार*
*जहाँ आज जे छ, भोलि रहँदैन ।*
*तृष्णा पुञ्ज अधुरे रहने*
*संसार यो पनि दुःखै हो,*
*अनात्म नै हो यो संसार*
*जहाँ न आफू रहनेछ न आफ्नो ।*

*तैपनि किन हो लाग्छ मलाई*
*नित्य यहाँ नै रहने छु ।*
*आशा पिण्ड जति छन् मेरा*
*पूरा एकदिन भै जाने छन्,*
*अनि म र मेरा जति छन् यहाँ*
*सधैं यस्तै नै रहने छन् ।*



Downloaded from http://www.dhamma.digital

# अग्रश्राविका उप्पलवण्णा

( ऋद्धिमतीमा अग्र )

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

उप्पलवण्णाको जन्म श्रावस्तीको एउटा श्रेष्ठी परिवारमा भयो । हजारौं कल्पदेखि देवता तथा मनुष्य लोकमा अनेक जन्म लिंदै, पुण्य पारमी सङ्कलन गर्दा-गर्दै आफ्नो अन्तिम पटक अत्यन्त कुलिन तथा सम्पन्न परिवारमा जन्म लिइन् । आफ्नो पूर्व जन्ममा आठजना प्रत्येक बुद्धहरूलाई भिक्षा दान गरी स्वागत सत्कार गरेको कारण उनलाई नीलकमलको झैं वर्ण प्राप्त भयो । उनको वर्णको कारण उनको नाम उप्पलवण्णा अर्थात् उत्पलवर्णा रहन गयो । त्यस समय भगवान् सिद्धार्थ गौतम बुद्धको शासन काल थियो । अत्यन्त सुन्दरी हुनुको कारण विवाह योग्य भए पछि उनलाई पाउन त्यस समयको राजकुमार तथा श्रेष्ठी कुमारहरू अत्यन्त लालायित थिए । छोरी माग्न बुबाकहाँ मानिसहरू आउँथे, "तपाईंको छोरी हामीलाई दिनुस् ... ।" यस्तो स्थितिमा श्रेष्ठी बडो अन्योलमा परे । आफ्नी छोरी एकजनालाई दिएर अर्कोलाई शत्रु बनाउन चाहँदैनथे कसलाई दिऊँ, कसलाई नदिऊँ, ज्यादै उल्झनमा परेको थियो । सोच्दै जाँदा एउटा उपाय उनको दिमागमा आयो । तर कुरा कसरी भनौं ज्यादै कठिनता थियो । तैपनि बडो हिम्मत गरेर एक दिन आफ्नी छोरी उप्पलवण्णालाई सोधे कि– "छोरी, तिमी प्रव्रजित हुन चाहन्छ्यौ ?"

छोरीलाई बुबाको यो सुझाव अत्यन्त नै सुखद् लाग्यो । उप्पलवण्णाले आफ्नो बुबालाई तुरुन्त जवाफ दिइन्, "हुन्छ, बुबा ! म प्रव्रजित हुन चाहन्छु ।"

अत्यन्त हर्ष, उत्साह र आदर पूर्वक श्रेष्ठीले आफ्नी छोरीलाई भिक्षुणी निवास लिएर गए र प्रव्रजित गराए । प्रव्रज्या गरेको केही दिन पछि नै उनले स्रोतापति मार्गफल प्राप्त गरिन् । एकदिन उपोसथ शालामा दियो बालेर कुचो लगाउँदै थिइन् । त्यस दियोको स्वभाव हेरेर आफू भित्र अनित्य बोध गर्दै छिटो नै अरहन्त फल प्राप्त गरिन् । तब उनले उद्गार व्यक्त गर्दै भनिन्–

**"चित्तम्हि वसीभूताहं, इद्धिपादा सुभाविता ।**
**छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥**

मैले आफ्नो चित्तलाई बशमा राखेको छु, सबै ऋद्धिपादहरूलाई मैले राम्ररी थाहापाइसकें । छः वटा अभिज्ञाहरूलाई मैले साक्षात्कार गरिसकें । बुद्ध शासनलाई मैले पूरा गरिसकें ।

उप्पलवण्णा ऋद्धिवान थिइन् । एकसमय उनी पात्र-चीवर धारण गरि श्रावस्तीमा भिक्षाटनका लागि गइन् । भिक्षाटनपछि फर्केर साधना गर्न वन तर्फ लागिन् । तब मारले उनलाई डराई, धम्काई साधना बिथोल्ने प्रयास गरे र भने– "हे भिक्षुणी ! यस शाल वृक्ष मुनि तिमी एक्लै ध्यान गरिरहेकीछ्यौ के तिमीलाई डर लाग्दैन ?"

तब भिक्षुणी उप्पलवण्णाले मारलाई तुरुन्त नै चिनिन् र मारले आफ्नो साधनमा बिघ्न-बाधा उत्पन्न गर्ने प्रयास गरेको थाहापाइन् र उनलाई जवाफ दिंदै भनिन्– "हे मार ! तिमी झैं हजारौं-हजार धूर्तहरू आए पनि मेरो एक रौं पनि बाङ्गो गर्न सक्दैनौ । म एक्लै भए पनि तिमीसित डर लाग्दैन । अहिले म अर्न्तध्यान हुन सक्छु, तिम्रो आँखा अगाडि भए पनि तिमी मलाई देख्न सक्दैनौ । चित्त वशमा रहेको कारण ऋद्धिहरू स्वयं प्राप्त छन् । म सबै बन्धनबाट मुक्त भइसकें, मलाई तिमीदेखि डर लाग्दैन ।"

तब उप्पलवण्णाले आफूलाई चिनेको थाहापाई मार सुटुक्क भागे । भिक्षुणी उप्पलवण्णाको स्वभाव तथा गतिविधि अति अनुकरणीय थियो । त्यसैले भगवान्ले भिक्षुणीहरूलाई सम्झाउनु हुँदै पटक-पटक भन्नुभएको छ– "भिक्षुणीहरू, यदि सम्यक प्रकारले केही कामना गर्नु छ भने भिक्षुणी खेमा अथवा उप्पलवण्णा झैं हुन पाऊँ भनेर कामना गर्नु ।"

भिक्षुणी उप्पलवण्णा अरहन्त तथा गृहत्यागी ब्रह्मचर्या पालक भईकन पनि उनी पटक-पटक दुराचारी व्यक्तिहरूद्वारा बलात्कृत भएका घटनाहरू त्रिपिटकमा उल्लेख गरिएका छन् । यस विषयलाई लिएर भगवान्ले



Downloaded from http://www.dhamma.digital

भन्नुभयो– आश्रव क्षीण भइसकेका व्यक्तिहरू वासनात्मक सुख, इन्द्रिय–सुख आदिबाट अलग भइसकेका हुन्छन् । जसरी कमलको पत्रमा रहेको पानी त्यसमा टासिँदैन त्यसरी नै क्षीण आसव भईसकेका व्यक्तिको चित्तमा इन्द्रिय सुखको इच्छा हुँदैन । क्षीणास्रव व्यक्ति यसबाट पूर्ण तथा मुक्त भईसकेका हुन्छन् । यसको व्याख्या गर्नु हुँदै भगवान्ले एउटा गाथा भन्नुभयो–

**"वारि पोक्खरपत्तेव, आरग्गेरिव सासपो ।**
**यो न लिम्पति कामेसु, तमहं ब्रूमि ब्राह्मणं ॥"**

कमलको फूलको पत्रमा पानि न टाँसेझैं, सूईको नोकमा तोरी नटिकेझैं जो व्यक्तिमा काम भोग हुँदैन त्यस्तो व्यक्तिलाई म ब्राह्मण भन्छु ।

## अतीत कथा

भगवान् पदुमुत्तर बुद्धको समयमा उप्पलवण्णा भगवान्को उपदेश सुन्न दिनहुँ जान्थिन् । एकदिन भगवानद्वारा एकजना भिक्षुणीलाई ऋद्धिमति भएको मध्येमा अग्रको उपाधि प्रदान गर्नु भएको देखेर आफू पनि उनी जस्तै हुन पाउँ भन्ने इच्छा गरिन्। उनले भगवानलाई एक हप्तासम्मको लागि आफ्नो घरमा भोजनको लागि आमन्त्रण गरिन् र अन्तिम दिनमा भगवान् समक्ष आफ्नो इच्छा व्यक्त गरिन्। भगवानले जाँचेर उनको मनोकामना पूर्ण हुन सक्ने भविष्यवाणी गर्नुभयो ।

भगवान् विपस्सीको शासन कालमा र भगवान् कस्सपको शासन कालमा पनि उप्पलवण्णा जन्मेकि थिइन् । भगवान कस्सपको शासन कालमा उहाँका उपस्थापक कासीराज किंकीकी माहिली छोरी समणगुत्ता भएर जन्मेकी थिइन् । त्यस जन्ममा अनेक कुशल पुण्य गरेको कारण मृत्यु पछि विभिन्न देव तथा मनुष्य लोकमा यात्रा गर्दै रहिन् । भगवान् कस्सपका उपस्थापक कासीराजका सात जना छोरीहरू समणी, समणगुत्ता, भिक्खुनी भिक्खुदायिका, धम्मा, सुधम्मा, संघदायिका भगवान सिद्धार्थ गौतम बुद्धको शासन कालमा क्रमशः खेमा, उप्पलवण्णा, पटाचारा, कुण्डलकेसा, गोतमी, धम्मदिन्ना र विसाखा भएर प्रसिद्ध भईन् ।

*(साभार- 'विपश्यना' वर्ष-३२, अङ्क-७, कार्तिक २०७२)*

❖

## संघनायक भिक्षु अश्वघोषबाट धर्मकीर्ति पत्रिकालाई रू. १ लाख ५० हजार रकम शेषपछि हस्तान्तरण गर्न पत्राचार

संघनायक भिक्षु अश्वघोष महास्थविर बाट एक्सप्रेस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड लालदरबार काठमाडौंमा खोलिएको खाता नं. १०४०१–०६००–०१५८९ र खाता नं. १०४०१–०६००–०१३४० मा सञ्चित रकम रू. ५०,०००/– (पचास हजार रूपैँया) र रू. १,००,०००/– एक लाख रूपैया) उहाँको चन्दा स्वरूप प्रदान गर्न सम्बन्धित सहकारी संस्थालाई मिति २०७१/११/१५ र मिति २०७२/०७/०८ का पत्रद्वारा पत्राचार गरी धर्मकीर्ति पत्रिकालाई बोधार्थ दिनु भएको छ ।

धर्मकीर्ति पत्रिकाका प्रधान सम्पादक रहनु भएका उहाँ श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्दै धर्मकीर्ति पत्रिका परिवार हार्दिक साधुवाद एवं कृतज्ञता ब्यक्त गर्दछ ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः, नःघ, काठमाडौं

### धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७२ माघ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ गते, शुक्रवार, संक्रान्ति | वण्णवती | पञ्ञावती |
| ३ गते, आइतवार, अष्टमी | अमता | वीर्यवती |
| १० गते, आइतवार, मिला पुन्हि | शुभवती | धम्मवती |
| १८ गते, सोमवार, अष्टमी | क्षान्तिवती | धम्मवती |
| २५ गते, सोमवार, औंशी | शुभवती | केशावती |



Downloaded from http://www.dhamma.digital

# भोजन निमन्त्रणा

✍ भिक्षु अश्वघोष

बुद्धकालिन समय देखि श्रद्धालु व्यक्तिहरूले आफ्नो परिवारमा आइपरेका कुनै पनि कार्यहरूको उपलक्ष्यमा बुद्ध शासनमा रहनुभएका भिक्षु भिक्षुणीहरूलाई भोजन निमन्त्रणा गर्ने चलन छ । त्यसबेला देखि नै भिक्षु भिक्षुणीहरूको भोजन स्वीकार गर्ने आफ्नै नियम छन् । अर्को शब्दमा भन्ने हो भने जुन दाताले पहिला निमन्त्रणा गरेको हुन्छ उक्त दातालाई पहिलो प्राथमिकता दिइने चलन छ भने त्यो भन्दा पछि निमन्त्रणा गर्ने दातालाई दोश्रो प्राथमिकता दिइने चलन छ । दोश्रो दाताको निमन्त्रणा स्वीकार गर्नको लागि पहिलो दातासंग अनुमति लिएरमात्र उक्त भोजन स्वीकार गर्न सकिने हुन्छ । यदि पहिलाको दाताले स्वीकृति दिएन भने पछिल्लो दाताको भोजन स्वतहः नै अस्वीकृत हुनेछ । यस सन्दर्भमा बुद्धकालिन घटना एउटा यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ ।

बुद्धकालिन समयमा सुप्रवासा नाम गरेकी एक उपासिका ६ दिन सम्म प्रशव वेदनाले छटपटिरहेको अवस्थामा उनीले आफू बाँच्न पाउने आशा त्यागिन् । त्यसैले उनीले प्राणत्याग गर्नुअगाडि आफ्नी श्रीमान् समक्ष आफ्नो अन्तिम इच्छा यसरी व्यक्त गरिन्– "तपाईं भगवान् बुद्ध समक्ष जानुभई वन्दना गर्नुस् र मेरो तर्फबाट पनि उहाँलाई वन्दना सुनाउनु हुँदै म एक हप्तादेखि प्रशव वेदनाले पीडित भइरहेकोले मेरो मरण हुनु अगाडि भगवान् बुद्धको आशीर्वाद पाएर मर्ने मेरो इच्छा सुनाइदिनुस् ।"

आफ्नी श्रीमतीको इच्छा पूरा गर्नको लागि सुप्रवासाको श्रीमान् बुद्ध समक्ष पुगी वन्दना गर्दै आफ्नी श्रीमतीको अवस्था र इच्छा सुनाए । उनको कुरा सुनिसके पछि गौतम बुद्धले आफ्नो आँखा चिम्लनु भई सुप्रवासाको आयु विषयमा ध्यान दृष्टिले विचार गरेर हेर्नुभयो । यसपछि उहाँले सुप्रवासाको गर्भमा अति पुण्यवान् पुत्र र केही अकुशल कर्मको कारणले सुप्रवासाले लामो समयसम्म प्रशव वेदनाले पीडित रहनु परेको र कष्ट भोग्नु परेको विषयमा थाहा पाउनुभयो । हाल उनको नराम्रो कर्मभोग सकिन लागिरहेको र आयु बाँकी रहेको थाहा पाउनु भएका भगवान् बुद्धले यसरी अधिस्थान गर्नुभयो ।

"मैले दरवार त्याग गरी बुद्धत्व प्राप्त गरें । त्यसबेलादेखि नै मैले अरूको हितोपकार चिताउँदै आफ्नो शुद्ध चित्तले धर्म प्रचार गरें । यदि मेरो मैत्री र करूणा सत्य छ भने त्यस सत्य वचनको प्रभावले सुप्रवासाले सकुशलतापूर्वक बच्चा जन्माउन सकुन् । यसरी आशीर्वाद दिनुहुँदै भगवान् बुद्धले सुप्रवासाको पतिलाई भन्नुभयो–

"तपाईं फर्कनुस् । अब सुप्रवासाले सुखपूर्वक बच्चा जन्माउनेछिन् ।"

सुप्रवासाकी पति घर फर्किरहेकै अवस्थामा बीच बाटोमा पुग्दा सुप्रवासाले सकुशलतापूर्वक पुत्र जन्माईन् भन्ने खबर पाए ।

यही खुशियालीको उपलक्ष्यमा तथागत प्रमुख भिक्षुसंघलाई ७ दिनसम्म भोजन दान गराउने निमन्त्रणा सुप्रवासाको तर्फबाट पठाइयो ।

सुप्रवासाको निमन्त्रणा आएपछि भगवान् बुद्धले भिक्षुहरूलाई बोलाई सोध्नुभयो–

"एक हप्तासम्मको लागि भोजन खाली छ वा छैन ?"

भिक्षु मौदगल्यायनको दाताले सात दिनसम्मको लागि निमन्त्रणा गरिसकेको खबर भिक्षुहरूले विन्ति गरे ।

त्यसपछि भगवान् बुद्धले भिक्षु मौद्गल्यायनलाई बोलाउन पठाई उहाँलाई भन्नुभयो–

"तिम्रो दातालाई सात दिनपछि मात्र भोजन गराउनको लागि खबर पठाई पहिला तोकिएको मितिलाई सात दिन पछाडि सार्ने अनुमति लिएर आउनु । किनभने उपासिका सुप्रवासाले सात दिनसम्मको प्रसुती वेदनालाई पार गरी बालक जन्माउन सफल भएको खुशियालीमा भोलिदेखि सात दिनसम्मको भोजन निमन्त्रणा गरेकी छिन् ।"

भगवान् बुद्धको आदेश पालन गर्नुहुँदै भिक्षु मौद्गल्यायनले आफ्नी दातालाई भोजन निमन्त्रणाको मिति हप्तादिन पछि सार्ने अनुमति माग्नु भयो । तर दाताले भने अनुमति दिन मानेन । उनीले आफ्नो शर्त अगाडि सार्दै भन्न थालिन्–



Downloaded from http://www.dhamma.digital

"भो भन्ते ! यदि मेरा तीन प्रकारका शर्तहरू पुरा हुन्छ भने मात्र मैले लेखाइराखेको भोजनको मिति पछि सार्न तयार हुनेछु। ती सर्त यसरी छन्–

१) म सातदिनसम्म निर्विघ्न पूर्वक बाँचिरहन पाउने भए मात्र भोजनको मिति पछि सार्नेछु। किनभने मानिसको आयुको कुनै ठेगान हुँदैन । कति दिन, कति वर्ष बाँच्न पाउनेछ भन्ने कुरालाई कसैले निश्चित भन्न सक्दैन। म अर्को हप्तासम्म पनि बाँचिरहन पाउने रहेछ भन्ने भोजनको मिति सातदिन पछि सार्न तयार छु।

२) दान दिनको लागि तयार पारेर राखेका चीजबीजहरू सातदिन पछि नाश नहोस् । यसको पनि जिम्मा लिनु होस् ।

३) आज अटल रूपमा पुण्य गर्नको लागि जागिरहेको श्रद्धा सातदिन पछिसम्म पनि त्यति नै अटल रहन पऱ्यो । मनमा श्रद्धा घट्यो भने पनि पुण्य गर्न सकिँदैन। त्यसैले यसको पनि जिम्मा भन्तेले लिनुहोस्।

यी शर्तहरू पुरा हुनेछ भने मात्र मैले गरेको भोजनको निमन्त्रणा मिति सार्ने अनुमति दिन सक्नेछु । होइन भने मैले गरेको भोजन निमन्त्रणाको मिति यथावत कायम रहनेछ।"

दाताको यस शर्त सुन्नु भएपछि भिक्षु मौद्‌गल्यायनले यसरी उत्तर दिनुभयो–

"तिम्रो आयु र दान दिनको लागि तयार पारिएका चीजबस्तुहरू नाश नहुने जिम्मा त मैले लिन तयार छु। तर सातदिनको अवधि भित्र श्रद्धा नाश नहुने जिम्मा मैले लिन सक्दिन, तिमीलाई नै सुम्पने छु। किनभने तिम्रो श्रद्धा तिम्रै मनको वशमा रहन्छ।"

भिक्षु मौद्‌गल्यायनको यस कुरा सुनिसकेपछि दाताले भनिन्–

"हुन्छ भन्ते ! त्यसो भए मेरो श्रद्धाको लागि म आफैं जिम्मेवार हुनेछु। मैले एक साताको लागि भोजन नगराउने भएँ । अर्को सातामा मात्र भिक्षु संघलाई भोजन गराउने छु।"

यसरी पहिला भोजन निमन्त्रणा गर्ने दाताको अनुमति पाइसकेपछि मात्र भगवान् बुद्धले सुप्रवासा उपासिकाको भोजन निमन्त्रणा स्वीकार गर्नुभएको यस घटनाले भिक्षुसंघको भोजन निमन्त्रणा नियम प्रष्टाइएको छ। ❖

धर्मकीर्ति गतिविधि

## पुनः निर्मित धर्मकीर्ति विहारको वार्षिकोत्सव सम्पन्न

*२०७२ फाल्गुण १ गते, शनिवार ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

पुनः निर्मित धर्मकीर्ति विहारको १३ औं वार्षिकोत्सव सम्पन्न गरिएको छ।

दाता श्री द्रव्यमान सिंह, बसुन्धरा तुलाधर सपरिवारको सश्रद्धाबाट धर्मकीर्ति विहारको पुरानो भवनलाई भत्काई बि.सं. २०५९ सालमा पुनः निर्मित धर्मकीर्ति विहारको रूपमा उद्‌घाटन गरिएको थियो।

भिक्षु संघ एवं भिक्षुणी गुरुमांहरूको तर्फबाट सामूहिक परित्राण पाठ पश्चात् संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरिले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा दाता परिवारबाट भन्ते गुरुमांहरूलाई दान प्रदान गरिनुका साथै जलपान भोजन पनि दान गरिएको थियो।

उक्तदिन बुद्धपूजामा उपस्थित सबै उपासको-पासिकाहरूलाई पनि दातापरिवारको तर्फबाट जलपान प्रदान गरिएको थियो।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ बुद्धत्व प्राप्तिको प्रथम वर्षमा **कालुदायी** मन्त्रीको प्रयासले बुद्धको सर्वप्रथम कपिलवस्तु आगमन भएको थियो । उहाँ फाल्गुन पूर्णिमाको दिन राजगृहबाट प्रस्थान गरी बैशाख पूर्णिमाको दिन कपिलवस्तु पुग्नुभयो ।

★ **आनन्द** (=धर्म कोषाध्यक्ष =धर्म भण्डारिक)। पिता : अमृतोदन । आमा : मृगी (?)। बासिन्दाः कपिलवस्तु। भगवान् जन्मेकै दिन जन्मेको। *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२१

✍ के.श्री धम्मानन्द
*अनुवादक*– मदनरत्न मानन्धर

धर्मले मानिसलाई असल हुन र असल काम गर्न सल्लाह दिन्छ, तर मानिसहरू यस्तो गर्न इच्छुक छैनन्। यसको सट्टा तिनीहरू कुनै धार्मिक मूल्य नै नभएको काम कुरा अंगाल्न नै चाहन्छन्। यदि उनीहरूले आफ्नो मनलाई ईर्ष्या, घमण्ड, निर्दयीता र स्वार्थीपनबाटमात्र बचाउन सकेको भएपनि कमसेकम धर्मको अनुशरण गर्ने सही बाटो थाहा पाउन सक्थे। धेरै मानिस आफू धार्मिक भएको अभिनय गर्छन्, तर धर्मको नाममा ठूल्ठूला अत्याचार गर्छन्। धर्मको उच्च आदर्श बिर्सेर उनीहरू धर्मकै नाममा लड्छन्, अशान्ति र भेदभाव फैलाउँछन्। तथाकथित धार्मिक कृयाकलाप र गतिविधिहरूमा भएको बृद्धिले गर्दा धर्मको उन्नति भएको छ भन्ने भान हामीमा हुनसक्छ, तर वास्तविकता ठीक यसको उल्टो छ। किनकि मानसिक विशुद्धि र समझदारीको अभ्यास धेरै नै कम मात्रामा मात्र भइरहेको छ।

धर्मको अभ्यास भन्नाले अरू केही होइन बल्कि आफ्नो आन्तरिक (भित्री) चेतना, मैत्रीभाव र समझदारीको विकास हो। आफ्नो आध्यात्मिक शक्तिमाथि पूर्णरूपमा निर्भर रहेरमात्र समस्यासँग सामना गरिनु पर्ने हुन्छ। अध्यात्मको नाममा समस्याबाट भाग्नु कायरता हो। आजको अस्तव्यस्त परिस्थितिमा मानिसहरू आफ्नै विनाशको बाटो तिर निरन्तर लाग्दैछन्। बिडम्बना यही छ कि मानिसहरू गौरवशाली सभ्यतातिर उन्मुख हुँदै छौं भन्ने सोच्छन् जबकि त्यो प्राप्त गर्न बाँकी नै छ।

यस्तो द्विविधाको बीचमा फेरि मानिसको मनमा अरूबढी लोभ र भ्रम सृजना गर्ने खालका काल्पनिक र बनावटी धार्मिक व्याख्यानहरू गरिदैछन्। धर्मलाई व्यक्तिगत फाइदा र शक्तिको लागि दुरूपयोग गरिदैछन्। युवाहरूमा आफ्नो धर्म प्रचार गर्न केही गैर जिम्मेवार धार्मिक समूहहरू स्वतन्त्र यौन जस्ता सस्ता र अनैतिक क्रियाकलापहरूलाई बढावा दिंदैछन्। वासनायुक्त प्रलोभनको मद्दतद्वारा यिनीहरूले केटा र केटीहरूलाई आफ्नो धर्मको अनुयायी बन्न बहकाउन खोज्दैछन्। आज धर्मको वास्तविक अर्थ एवं नैतिक मूल्यलाई न्यून र संकुचित पारेर धर्मलाई धार्मिक बजारमा सस्तो बानाकोरूपमा पतित गरेको छ।

केही धर्म दूतहरू ईश्वरप्रति श्रद्धा र भक्तिमात्र भए पुग्छ, नैतिकता र शील आचरण त्यति महत्वपूर्ण छैन भन्ने दावी गर्छन् र यही नै मुक्तिको लागि यथेष्ट छ भन्छन्। केही धर्माधिकारीहरूले यूरोपका आफ्ना अनुयायीहरूलाई कसरी धोखा दिइयो र अन्धकारमा राखियो भन्ने कुरा प्रकाशमा आएपछि कार्लमार्क्सले यस्तो निन्दापूर्ण अभिव्यक्ति प्रकट गरेको छ– 'धर्म भनेको शोषित प्राणीहरूको 'ऐय्या !' (गहिरो सास) हो, हृदय विहीनहरूको संसारको अनुभूति हो, आत्महीन अवस्थाको आत्मा हो। यो मानिसहरूको लागि अफिम हो।'

मानिस आफ्नो विवेक बुद्धिलाई बन्धक राखेर अरूको लागि बाधा बन्ने भई जिउने कट्टर शिक्षाको लागि अथवा अर्को जन्मको मिठो सपना देखाउनको लागि मानिसलाई धर्म चाहिएको होइन। धर्म भनेको मानिसलाई सुसभ्य, समझदार व्यक्तिको रूपमा अरूका लागि समेत अनुकरणीय उदाहरण भई 'यहाँ' र 'अहिले' (वर्तमानमा) जीवन जिउने युक्तिसंगत र भरपर्दो तरिका हुनुपर्दछ। कतिपय धर्मले मानिसलाई आफूबाटभन्दा परको दैवीय प्राणीतर्फ ध्यान दिन लगाउँछ भने बुद्धधर्मले मानिसलाई आफैभित्र लुकेर बसेको शान्तिको खोज गर्नेतर्फ निर्देशित गर्छ। 'धर्म' (माने-धारण गरेको) भनेको बाहिर खोज्ने वस्तु होइन, किनकि वास्तवमा मानिस नै धर्म' हो र 'धर्म' नै मानिस हो। तसर्थ, सच्चा धर्म, याने कि 'धम्म' हामीभन्दा बाहिरबाट पाइने होइन बल्कि आफूभित्र ज्ञान, मैत्री र परिशुद्धताको विकास र प्राप्ति नै 'धर्म' हो।

## मृत्यु अगाडि धर्म परिवर्तन

***मनका दुर्भावना नहटाइकनै कसैले आफ्नो अपराधहरू पखाली दिन्छ भनी विश्वास गर्नु बुद्ध शिक्षा अनुरूप होइन।***

आफ्नो जीवनको अन्तिम अवस्थामा आएर धर्म परिवर्तन गर्ने मानिसहरू यदाकदा देखिन्छन्। 'आफ्ना अपराधहरू पखाली दिन्छ' र स्वर्गको सुगम पथ (मार्ग) पाइन्छ भन्ने भ्रमण परी तिनीहरूले अरू धर्म ग्रहण गर्ने गर्छन्। त्यस्तै राम्रो र साधारण अन्त्येष्टि पाउँछ



Downloaded from http://www.dhamma.digital

भन्ने आशा राख्दछन् । कुनै एक धर्ममा आफ्नो सारा जीवन बिताइसकेको मुक्ति पाउँछ भनी निश्चिन्त हुनु वास्तवमा अति क्लिष्ट चाहना हो । यो सपना मात्रै हुन्छ। कसै कसैलाई अचेत अवस्थामै र अझ मृत्यु पछि समेत अर्को धर्ममा दिक्षित गराइन्छन् । जसले यस्तो गराउँछ, उसले आफ्नो धर्ममात्र स्वर्ग प्राप्तिको सजिलो र छोटो उपाय छ भनी अशिक्षित व्यक्तिहरूलाई झुक्याएका हुन्छन् । आफ्नो जीवनमा गरेका पापहरू पखाली दिने 'कोही' माथि छ भनी यदि कसैले मानिसहरूलाई विश्वास दिलायो भने त्यस विश्वासले तिनीहरूलाई खराव काम गर्नमा मात्र प्रेरित गराउँछ ।

पाप पखाल्ने कोहि छैन भनी बुद्ध शिक्षाले सिकाउँछ । जब मानिसले आफूले अपराध गरेको वा बिराएको महसूस गर्दछ, तब उसले आफूलाई सुधार्ने र आफ्ना नराम्रा कार्यबाट आउने परिणामबाट बच्न असल कार्यहरू गर्दछ ।

'मृत्युपछि जीवन दिन्छौं' भन्ने प्रतिज्ञा गर्दै विरामीहरूको वरपर चक्कर लगाउने केही धर्मका दाताहरू अस्पतालहरूको वरपर चक्कर लगाउने केही धर्मका दाताहरू अस्पतालहरूमा छ्यास्-छ्यास्ति देखिन्छन् । यो विरामीहरूको अज्ञानता र मानसिक डरबाट लाभ उठाएको मात्र हो । यदि तिनीहरूले साँच्चै मद्दत गर्न खोजेको हो भने, तिनीहरूका किताबमा उल्लेख भएजस्तै चमत्कार गरेर देखाउन सक्नु पर्दैनथ्यो। यदि तिनीहरूले चमत्कार गर्न सक्ने नै हो भने, हामीलाई अस्पताल किन चाहियो र ? यस्ता व्यक्तिहरूको जालमा बौद्धहरू कहिल्यै पर्नुहुन्न । सारा दुःखका कारण मानिसको आफ्नै कर्म वा भाग्य हुन् भन्ने आफ्नो धर्मको शिक्षालाई बिर्सनु हुन्न । दुःखबाट मुक्ति पाउने एकमात्र उपाय मानिसक शुद्धि हो। मानिस आफैले आफ्नो दुःख सृजना गर्दछ। त्यसैले ऊ आफैले त्यसको अन्त्य गर्नु पर्दछ । मृत्युको द्वारमा पुगेपछि धर्म परिवर्तन गर्दैमा दुष्कर्मको दुष्परिणाम हटाउन सकिन्छ भनि आशा गर्नु निरर्थक छ ।

मरणान्त व्यक्तिको भविष्य उसको अन्तिम चित्तमा निर्भर गर्दछ । आफ्नो जीवनकालमा गरेका सुकर्म र दुष्कर्मको परिणाम अनुसार त्यो अन्तिम चित्त उत्पन्न हुन्छ। अन्तिम, क्षणमा ग्रहण गरेको धर्मको आधारमा त्यो चित्त उत्पन्न हुने होइन ।

## स्वर्ग जाने छोटो बाटो

कुनै बिशेष धर्म मान्नेहरूको लागिमात्र स्वर्गको द्वार खुल्ला रहने होइन, अपितु सम्यक र आदर्श जीवन जिउने प्रत्येक व्यक्तिकोलागि खुल्ला रहन्छ ।

बौद्धहरूले इच्छा गरेमा स्वर्ग जान कुनै गाह्रो छैन। तर कोही-कोही धर्मावलम्बीहरू आफ्नो धर्म ग्रहण गरेमा स्वर्ग जान पाइन्छ भनी घर-घरमा गई प्रचार गरिरहेका छन् । तिनीहरूले आफूलाई "स्वर्ग पठाउने अधिकारिक व्यक्ति हुँ" भनी दाबी गर्छन्। तिनीहरू आफ्नो धर्मलाई आजको पिडादायक विश्वमा राहत दिने अधिकारिक औषधी भनी प्रस्तुत गर्दछन्। आफ्नो धर्मबारे अनभिज्ञ कतिपय अनजान व्यक्तिहरू यस्ता स्वर्गका व्यापारीहरूको चंगुलमा फँसेका छन् ।

बुद्धको शिक्षा थाहा पाउने कोहिपनि व्यक्ति यस्ता मानिसहरूबाट दिगभ्रमित हुँदैनन् । ती स्वर्गका व्यापारीहरूले 'ईश्वर' बाट सृजित यो विश्व चाँडै नै विनाश हुने छ'भन्ने भ्रम पनि फैलाइरहेका छन् र भन्छन्– 'जसले विश्व विनाश पछि स्थायी स्वर्गमा बस्ने इच्छा गर्दछ, उसले उनीहरूको धर्म ग्रहण गरीहाल, होइन भने यो सुवर्ण मौका गुमेपछि नर्कमा दुःख पाउने छौ ।'

विश्व बिनाशको यो चेतावनीको लहर चलेको सयौं वर्ष भैसक्यो । आश्चर्यको कुरो यो हो कि त्यस्ता मनगढन्त र कपोलकल्पित चेतावनीप्रति विश्वास गर्ने मानिसहरू अझै पनि छन्। कोहि कोहि त यस्तो कुरा सुनेर आँखा चिम्लेर धर्म परिवर्तन गर्दछन् ।

दण्ड दिने वा पुरस्कार दिने कोही व्यक्ति विशेष हुँदैन यो त आचरणको कार्य कारण सिद्धान्त र प्राकृतिक न्याय अनुसारमात्र हुने कुरा हो ।

**दुष्ट मानिस सुखी र असल मानिस दुःखी किन हुन्छन् ?**

कोहि सोध्छन्, "यदि असल गरे असल परिणाम र खराब गरे खराब परिणाम आउने हो भने किन दुष्ट मानिसहरू सुखी हुन्छन् र असल मानिसहरू दुःखी हुन्छन् ?" बौद्ध दृष्टिकोणबाट यस प्रश्नको जवाफ यसरी दिन सकिन्छ– कसैले आफ्नो पूर्वजन्महरूमा पुण्यकार्य गरेर आएका थिएनन् अथवा केही पाप कर्म गरेर आएका थिए भने यस जन्ममा ऊ असलव्यक्ति भएपनि पुरानो कर्मफल अनुसार दुःखी हुन सक्दछन्। त्यस्तै कसैले आफ्नो पूर्वजन्महरूमा ठूलै पुण्यकर्म गरेर आएका थिएभने यस जन्ममा ऊ दुष्ट नै भएपनि केहि हदसम्म सुखी भएको देख्छौं। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# अग्गमहासद्धम्म जोतिकधज, संघ उपनायक, त्रिपिटकाचार्य, श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर : एक चर्चा-२

✍ कृष्ण कुमार प्रजापति

**कृतित्त्व प्रकाशनः** माथी उल्लेखित कार्यमा मात्र सिमित नभैकन श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरले लेखन क्षेत्रमा पनि कलम तिखार्नु भएको थियो । वहाँ आफैले रचना गर्नु भएको क) आलवक सूत्र, ख) गृह-प्रतिपत्ति, ग) बुद्ध धर्म व संघ, घ) गौतम बुद्धको अर्थनीति, ङ) गृहस्थ धर्म र च) दश पारमिता जस्ता ग्रन्थरत्नहरूबाट प्रमाणित हुन्छ, वहाँको लेखकीय प्रवाह कति तिखो र मार्मिक छ भन्ने कुरो । नेपालभाषामा र नेपालीमा समेत अनुवाद भै प्रकाशित भैसकेको "दश-पारमिता" ग्रन्थले ख्यातीको चरमचुली छोएको थियो ।

सम्पादकको भूमिकाः नेपालमा प्रकाशित पहिलो बौद्ध मासिक पत्रिका "आनन्दभूमि" को प्रधान सम्पादक भै धेरै वर्षको अनुभव बटुली सोही पत्रिकाको प्रमुख सल्लाहकार समेत हुनु भएको थियो । परिनिवृत श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरज्यू ।

**सुपरिवेक्षकको भूमिकाः** श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरले आनन्दकुटी विद्यापिठमा सुपरिवेक्षकको रूपमा रही अध्यापन कार्यमा समेत तल्लीन हुनु भएको थियो ।

**संघ संस्थामा योगदानः** परिनिवृत संघनायक भिक्षु अनिरूद्ध महास्थविर पश्चात आनन्दकुटी विहारको प्रमुख भै दायित्वबोध गर्नु भएको थियो भने आनन्दकुटी विहार गुठीको अध्यक्षको जिम्मेवारी बहन गर्नु भएको पनि सम्झना गरिन्छ । वहाँले लुम्बिनी सहयोग समितिको अध्यक्ष भै कार्य अनुभव समेत प्राप्त गर्नु भएको थियो । त्यस्तै गरी श्रद्धेय अखिल नेपाल भिक्षु महासंघको गरिमामयी अध्यक्ष पदमा वहाँ दुई पटक बहाली हुनु भएको थियो भने धर्मोदय सभाको "धम्मानुसासक" भै कार्यशील हुनु भएको थियो । एवं रितले श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर आनन्दभूमि मासिक पत्रिकाको प्रमुख सल्लाहकार हुनु भएको थियो भने नेपाल लिपि गुथी जस्ता भाषीक संस्थाको संरक्षक भै अभिभावकीय गुण निर्वाह गर्नु भएको थियो ।

विविध पदवी र उपाधिबाट विभूषितः श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरज्यूले पुऱ्याउनु भएको बुद्ध शासनिक योगदानलाई कदर गरी विपस्सना विसोधन बिन्यास, दिल्ली भारतबाट सन १९९२ मा "महासद्धम्म परियत्ति प्रदीप" उपाधि हासिल गर्नु भएको थियो भने मित्रराष्ट्र श्रीलंकाबाट सन् २००० मा "विद्यालकार पदम भूषण" उपाधि प्राप्त गर्नु भएको थियो । मित्रराष्ट्र बौद्ध मुलुक म्यानमार (बर्मा) सरकारको तर्फबाट सन् २००३ मार्च १३ मा कुमार भन्तेलाई "अग्गमहासद्धम्म जोतिकधज" उपाधि प्रदान गरेको व्यहोरा पनि संस्मरण गरिन्छ ।

**नेपालका शत्त कुलपूत्र प्रव्रज्या (दुर्लभ) कार्य सम्पन्नः** वर्तमान नेपालका पूज्यवाद श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर एवं श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्षगाठको उपलक्ष्यमा "सुखी होतु नेपाल" को आयोजना एवं व्यवस्थापनमा शत कुलपुत्र दुर्लभ प्रव्रज्या समारोह सप्ताहव्यापी तवरले सम्पन्न भएको थियो । उक्त पुनित कार्यमा १११ जना नेपाली कुलपुत्रहरूले सहभागीता जनाई प्रव्रजित जीवन अल्पकालीन तवरले यापन गरी अनुभूति हासिल गरेको पनि सदा सम्झना गर्नु पर्दछ । ती उल्लेखित समूहमा नगदेश बुद्ध विहारको तर्फबाट १६ जना युवा कुलपुत्रहरूले सहभागिता जनाएको थियो, जसमध्ये यस पंक्तिकारका कुलपुत्र प्रबीण प्रजापतिले पनि भाग लिई प्रब्रजित जीवनको अल्पकालीन अनुभूति हासिल गरेको पनि अवगत गराउन चाहन्छु ।

**संस्मरण ग्रन्थको प्रकाशनः** श्रद्धेय उपसंघनायक, भिक्षु कुमार काश्यप महास्थविरको जीवनी झल्कने गरी नेपालभाषामा, नेपाली तथा अंग्रजी भाषामा नेपाल लिपि गुथिको प्रकाशन एवं श्रद्धेय भिक्षु कोण्डण्यको लेखन-सम्पादनमा "संस्मरण ग्रन्थ प्रकाशित भएको थियो ।

**बृहत्तर धार्मिक कार्यक्रमः** श्रद्धेय भिक्षु अश्वघोष महास्थविर एवं श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं वर्षगाठको उपलक्ष्यमा वहाँहरूको आयु आरोग्य, सुस्वास्थ्य एवं दिर्घायुको कामना गरी सप्ताहब्यापी बृहत्तर



Downloaded from http://www.dhamma.digital

धार्मिक एवं सामाजिक कार्यक्रमको आयोजना गरेको पनि संस्मरण गरिन्छ । सोहि समयमा श्रद्धेय भिक्षु कोण्डण्यकृत "कुमार भन्ते" शिर्षकीय जीवनी प्रकाशित भएको थियो ।

**आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोषको संस्थापनः** श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको संस्थापक - संरक्षकत्त्व तथा श्रद्धेय भिक्षु कौण्डण्यको संस्थापकत्व एवं अध्यक्षता मा गत वि.सं. २०६१ असार २७ गतेका दिनमा बुद्ध विहार, भृकुटी मण्डपमा "आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष" संस्थापन गरेको एउटा अनुकरणी विषय रहन गएको सबैले महशुस गरेका छन् ।

**विशेष धर्म सम्मानः** अखिल नेपाल भिक्षु महासंघबाट धर्म विनयपूर्वक श्रद्धेय संघनायक भिक्षु बुद्धघोष महास्थविर परिनिवृत भएपछि रिक्त हुन आएको गरिमामयी "संघनायक" पदवि एवं उपाधि श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूलाई र श्रद्धेय त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरज्यूलाई "उप संघनायक" पदमा धर्म विनय पूर्वक प्रतिष्ठापन गत २०६८ आश्विन १४ भएको थियो भने बौद्ध जगतमा नव संघनायक एवं नव उपसंघनायक द्वय भिक्षुलाई गत २०६८ कार्तिक २६, शनिवारका दिन नेपालका बौद्ध उपासक-उपासिका एवं बौद्ध संघ संस्थाको तर्फबाट सार्वजनिक अभिनन्दन गरी वहाँहरू द्वय भन्तेको आयु आरोग्य र सुस्वास्थ्यको कामना गरेको धर्म प्रमुदित घटना हुन पुगेको थियो। उक्त प्रमुदित वातावरणमा सयौं बौद्ध संघ संस्थाहरूको सहभागितामा विशेष धर्म सम्मानका साथ सार्वजनिक अभिनन्दन गरेको थियो । श्रद्धेय द्वय वर्तमान नेपालको स्थविरवादी बुद्धधर्मको बलियो खम्बा एवं जाज्वलयमान प्रदीपका रूपमा उदयमान भन्तेहरूलाई ।

**देहावसानः** श्रद्धेय त्रिपिटकाचार्य, उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविरज्यू गत ने.सं. ११३२ चिल्लाथ्व-४, ई.सं. २०१२ फेब्रुवरी-२६, बि.सं २०६८ फागुन १४ ( बुद्ध सं. २५५५) आईतबार दिनको १: ०५ बजेतिर ८५ वर्षको उमेरमा कब्जियत, मधुमेह र रक्तचाप जस्ता रोगबाट ग्रसित भै उपचार गर्दा गर्दै अन्तिम समयमा मृगौला रोगबाट सताई यस अनित्य भौतिक संसारबाट सदाको निम्ति विदा भै देहावसान हुन पुग्यो। वहाँको भौतिक शरीरको अवसान भै हामीबाट विलुप्त हुन पुग्यो। श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर को शब्दमा भन्ने हो भने "वहाँको अवसान भनेकै थेरवाद बुद्ध धर्मको एउटा बत्ति निभेको हो, थियो" । वहाँ कुमार भन्तेको निधन पश्चात् नगदेश बुद्ध विहारको धम्महलमा गत वि.सं. २०६८ फागुन १८ विहिवार बसेको बैठकले वहाँको गुणनुस्मरण गरी एक लघु  श्रद्धाञ्जली सभाको आयोजना गऱ्यो । उपस्थित उपासक उपासिकाहरूले सश्रद्धाबाट भाव विभोर भै वहाँको तस्विरमा पुष्प गुच्छा अर्पण गरी वहाँको सद्गति र निर्वाण कामना गरी एक मिनेत मौन धारण समेत गरिएको थियो । निब्बानस्स पच्चयो होतु भिक्खु कुमार कस्सप महाथेरस्स !

**अन्तमा कृतज्ञता जाहेरः** नगदेश बुद्ध विहारको धम्महलमा गत ने.सं. ११२४ दिल्लागा ९, ई.सं. २००४ जूलाई ११ , बि.सं. २०६१ असार २७ आईतवारका दिन नगदेशका कुलपुत्रहरू ६ जना, टोखाका कुलपुत्रहरू ३ तीन जना, बलम्बुका १ जना र सामाखुशी, काठमाडौंका १ जना गरीं ११ जना कुलपुत्रहरूलाई केसकप्पन गराई प्रव्रजित जीवनयापन गराउने पुनित कार्यमा अग्गमहासद्धम्म जोतिकधज अश्वघोष महास्थविर र श्रद्धेय अग्गमहासद्धम्म जोतिकधज, त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर हरूले आचार्यत्व एवं उपाध्यायत्व ग्रहण गरी सम्पन्न गरेको, भएको कार्य प्रमुदित भै कृतज्ञताका साथ आभार ब्यक्त गरिएको छ । यस नगदेश बुद्ध बिहारका सकल उपासक-उपासिकाहरूका तर्फबाट जीवित श्रद्धेय गुरूवर संघनायक भिक्षु अश्वघोष महास्थविरज्यूको आयु आरोग्य, सुस्वास्थ्य एवं दीर्घायुको कामना गरिएको छ भने परिनिवृत गुरूवर उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविरको सद्गति र निर्वाण कामना गरिएको छ । निब्बानस्स पच्चयो होतु। वहाँको निधन या देहावसानबाट नेपाल थेरवादी जगतमा एउटा ज्वाज्वल्यमान नक्षत्रको अस्त हुन पुग्यो र नेपालको थेरवादी बुद्धशासनको जीवित इतिहासको अवसान हुन पुगेको थियो । वहाँको अवसानबाट हुन पुगेको रिक्तताको खाल्डो चीर कालसम्ममा पनि अपूरणीय लक्षण देखा परेको छ। अतः वहाँको भौतिक अनित्य शरीरको अवसान भएतापनि वहाँको गुण र योगदानलाई संस्मरण गर्नु नै सच्चा अर्थमा वहाँप्रति भावपूर्व श्रद्धाञ्जली अर्पण गरेको ठहर्छ । अतः वहाँको गुणानुस्मरण गरौं । ❖



Downloaded from http://www.dhamma.digital

# बुद्ध पूजा

✍ श्यामलाल चित्रकार

**परिचय** : पूजा शब्द क्रिया धातु 'पूज' बाट आएका हुन् । नमस्कार गर्नु, ढोग्नु, सम्मान गर्नु, आदर गौरव राख्नु सेवा सत्कार गर्नु इत्यादि कार्यलाई पूजा भन्न सकिन्छ। बुद्ध मूर्ति, बोधि बृक्ष, चैत्य, स्तूप, बुद्धको अस्थि धातु अगाडि वा मन मनै तिनीहरूलाई सम्झी विहारमा वा घरमा वा अन्य स्थानमा उपरोक्त कार्यहरू गरिएमा बुद्ध पूजा भनिन्छ। भगवान बुद्धले मंगल सूत्रमा भन्नु भएको छ की 'पूजा च पूजनेय्यानं) एतं मंगल मुत्तमं' अर्थात पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्दा मंगल हुन्छ, राम्रो हुन्छ र शुभ हुन्छ। यो निर्विवाद सत्य तथ्य कुरालाई बुझी अनुशरण गरेमा आफूलेनै प्रष्ट अनुभव गर्न सकिन्छ । गुरू, बाबु, आमा, जेठो पाको, ठूलो वहदामा बस्ने, कल्याणकारी इष्टमित्रलाई मान सम्मान, सेवा मद्दत गरेमा मंगल नहुने कुरै छैन ।

**बुद्ध** : बुद्ध हुनु भन्दा पहिले उहाँ बोधिसत्त्वले प्राणी मात्रलाई अति करूणा राखि कल्पौ कल्पसम्म दश पारमिता, दश उपपारमिता र दश परमत्थपारमिता पूर्ण गर्दा अनेक दुःख कष्ट झेली समस्त दुःखलाई अन्त गर्ने उपाय बोधि ज्ञान लाभ गर्नु भई बोधिसत्व सिद्धार्थ कुमार ईसापूर्व ५२८ मा बुद्ध हुनु भयो । असंख्य देवमनुष्यहरूलाई भगवान बुद्धले धर्म उपदेश दिनु भई उद्धार गर्नु भयो। आज सम्म त्यो धर्म उपदेश हामी सामू छ । त्यस्तो अनुपम धर्म उपदेशरूलाई अलिकति मात्र पनि लागु गरेमा अहिलेको अहिलै सुख शान्तिको अनुभव गर्न सकिन्छ। त्यस्तो अतुलनीय भगवान बुद्धप्रति सम्पूर्ण मानव जगत नतमस्तक छन् । धेरै देशहरूमा भगवान बुद्धलाई आ-आफ्नो तरिकाले पूजा गरिन्छ। कुनै व्यक्तिले कसैलाई डरत्रासले वा लोभलालचले मान सम्मान पूजा गर्दछ भने त्यो शुद्ध पूजा होईन । भगवान बुद्धले अनिष्ट, बिघ्न, बाधा गर्ला भन्ने डरले वा केहि पाउने ईच्छाले भाकल गरेर पूजा गर्नु केहि अर्थ छैन। भगवान बुद्धलाई शुद्ध श्रद्धा भावले र प्रशन्न चित्तले आफ्नो अनुकूल समय र तरिकाले पूजा गर्न सकिन्छ ।

**पूजा गर्ने तरिका** : भगवान बुद्धले उपदेश गर्नु भएको ३८ वटा मंगलहरू मध्ये उपरोक्त मंगल तेश्रो मंगल हो । संसारमा पूजागर्न योग्य व्यक्तिहरू मध्ये भगवान् बुद्ध जतिको श्रेष्ठ उत्तम व्यक्ति अरू छैन। संसार मा सबैले उहाँ सम्यकसम्बुद्धलाई अतुलनिय व्यक्तित्त्वको रूपमा मान्दै आएका छन् । भगवान बुद्धले सिकाउनु भएको धर्म भक्ति मार्ग होइन ज्ञान मार्ग हो । सम्पूर्ण दुःखलाई नाश गरी निर्वाण सम्म पुग्न सक्ने धर्म उपदेश दिने शास्ता ईसापूर्व ४८३ मा महापरिनिर्वाण भई सकेपछि उहाँ तथागत नभए पनि धर्म र विनयलाई शास्ता मान्नु भन्ने भगवानको अन्तिम वचन महापरि निर्वाण सूत्रमा उल्लेख भएको पाईन्छ। बुद्धलाई कसरी पूजा गर्ने भन्ने सन्दर्भमा बुद्ध पूजा विधिमा उल्लेख भएको पाईन्छ ।

बुद्ध पूजा विधिमा पुस्तकमा बुद्धलाई पूजा गर्दा दुई प्रकारले पूजा गर्ने बारे उल्लेख भएको पाईन्छ :–

(१) **आमिष पूजा र** (२) **पटिपत्ति पूजा ।**

पानी, धुप, खाद्य पदार्थ, फुल, फलफुल इत्यादि चढाई आमिष पूजा गर्नुको साथै "इमाय धम्मानु धम्म पटिपत्तिया बुद्धं पूजेमि" अर्थात् धर्मानुकुल आचरण गरी बुद्धलाई पूजा गर्दछु भनी पटिपत्ति पूजा गर्नेमा जोड दिईएको पाइन्छ। आफ्नो आचरण राम्रो गर्नु र चित्त शुद्ध गर्नु नै सबभन्दा राम्रो बुद्ध पूजा हो तापनि घरमा, विहार, चैत्य अथवा जुनसुकै स्थानमा धार्मिक वातावरण ल्याउन र श्रद्धा उत्पन्न गर्न बुद्धमूर्ति, धूप, बत्ति, फुल, फलफुल, झण्डा, अन्य श्रृंगार सामग्री ईत्यादि आमिष पूजा पनि आवश्यक हुंदो रहेछ। नेपालको थेरवादी बुद्ध विहारहरूमा प्रचलित बुद्ध पूजा विधिमा केहि प्रकाश पार्नु सान्दर्भिक हुनेछ । पूजा गर्ने तरिका (१) ढोग्नु, (२) पूजा सामग्रि चढाउनु (३) पाठ पढ्नु गरि तिन खण्डमा विवेचना गर्न सकिन्छ ।

१) **ढोग्नु** : (क) औंला सिधा पारी दुई हात जोडी शीर सम्म लगी मुखसम्म र छाती सम्म झारी टाउको निहुराई काय, वाक र मनले कुकर्म नगर्ने याद गरी त्रिरत्नः बुद्ध, धर्म र संघलाई तिन पटक वन्दना गर्ने ।

(ख) घुंडाले टेकी दुई हात जोडेर छाती अगाडि राख्ने र टाउकोले भुईमा छुवाउन ठाउँ पुग्ने गरी हातहरू



Downloaded from http://www.dhamma.digital

भुईमा राख्ने र टाउको निहुराएर भुईमा छवाउने । त्रिरत्न बुद्ध, धर्म र संघलाई सम्झी दुई हात, दुई खुट्टा र टाउको गरी पाँच वटा अंगले तिन पटक वन्दना गर्नेलाई पचाङ्ग दण्डवत भनिन्छ ।

आफू भित्र रहेको दोषपुर्ण अभिमानलाई नाश गर्न ढोग्ने गरिन्छ ।

२) **पूजा सामाग्रिहरू चढाउनु** : अन्य पूजाहरूमा जस्तै लामो सूची बमोजिम पूजा सामाग्रिहरू बुद्ध पूजा गर्दा आवश्यक छैन । चार महाभूत, पञ्च इन्द्रिय, अनित्य स्वभाव, भव संसार इ. सम्झाउन प्रतिकको रूपमा केहि सामाग्रिहरू जस्तैः पाँच वा सात वटा पानीको कचौरा, बत्ति, फुलहरू, धूप, केहि खाद्य वस्तुहरू राख्ने प्रचलन छ ।

३) **पाठ पढ्नु** : विहारमा वा पूजा गर्ने स्थानमा भिक्षु वा भिक्षुणी भएमा '**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**' तीन पटक वाचन गरी सके पछि त्रिरत्न शरणमा जाने र पञ्चशील ग्रहण गर्ने गरिन्छ । बुद्ध, धर्म र संघका गुणहरूलाई वाचन गरी जीवनभर शरणमा जाने प्रतिज्ञा गरिन्छ । त्यस पछि बुद्धमूर्ति अगाडि राखिएका पूजा सामाग्रिहरू पनि वाचन गरी आमिष पूजा पछि पटिपत्ति पूजाका गाथाहरू वाचन गरिन्छ । ती सबै प्रचलित बुद्ध पूजा पछि विहार विहार हेरी आ-आफ्नै तरिकाले दानपारमिता गाथा, त्रिरत्न शरण भजन, मैत्री सुत्र, हेतु पच्चय, ३२ कोट्ठास, कुनै-कुनै परित्राण सूत्र पाठ पढ्ने पनि गरिन्छ । बुद्ध पूजा गर्दा पढिने पाठहरू देवी देवताको स्तूति गान जस्तो होइन । ती बुद्ध पूजा विधिमा अनित्य अनात्मा, दुःख, आश्रव क्षय गरी चित्त शुद्ध गर्ने दार्शनिक तथा आचरण राम्रो गर्ने व्यवहारिक ज्ञानहरूले युक्त छ । तर बुद्ध पूजा गर्दा पढिने पाठहरू पालि भाषामा भएकाले बुद्ध पूजा गर्ने सबै उपासक उपासिकाहरूले बुझेको हुँदैन । ती पाठहरूको अर्थहरू बुझाउनेमा जोड दिनुपर्ने देखिछ ।

**उपसंहार :**

दैनिक वा विशेष दिनहरूमा बुद्ध पूजा गर्नु र ध्यान बस्नु धेरै फलदायी छ र हुन्छ । बाबु बाज्येले गर्दै आएको नगरेमा पाप लाग्छ भनेर नित्य कर्म सम्झेर अन्ध विश्वासको भरमा नबुझिकन बुद्ध पूजा गर्दा र कार्य गर्दा बुझ्नुनै सवौत्तम कुरा हो ।

❖

# शिविरे भुखाय्या अनुभव

✍ **हेरा रत्न शाक्य**
*युवाक बौद्ध मण्डल*

छें लिगिलिगि सन
बँ वारा वारा सन
म्हं ग्वःतुलि थें च्वन
धे धें चुला बः का वन

काल हे वगुला धैथेंच्वन
नुगः द्यः भाराभारा मिन
नुगः तुति ब्वाँ वन
स्वाहाने क्वाँ व वं पिने थ्वन

ख्यलय् च्व च्वं छें लुमन
मचाखाचा जहान लुमन
छैंया गति छु जुल मन ब्वाँ वन
योगी म्ह ध्यान मेथाय् वन

मन च्वं हे मच्वं पिनेपिने वन
मन च्यू धागुला चि हे मफैवन
छें छुं जू मजू सिइके मास्ति वैच्वन
छैं छेजः छुं मजुगू सिइवं मन च्वन

छें त्वता वयां हे माया वन
जि जिगुलि मन पेपुना च्वन
अहो थ्व चीवरं भुनाः नं चिमफै च्वन
वाकू छिनासां शिविर क्वचाय्के खन

अस्तु ।

**चारैतिर आगो दन्दनी बलिरहेको छ । कसरी हाँस्ने र कसरी आनन्द लिने ? अन्धकारले चारौंतर्फ घेरिसकेको छ । तैपनि तिमी आलोक किन खोज्दैनौं ?**

**हरे ! यो छाँया समान सिंगारिएको देह, घाउले दर्दले पूर्ण, नानाविधि संकल्पले भरिपूर्णभएको तथा अस्थिर यो विचित्र शरीर हेर ।**

*- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२९३

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**चन्दं व विमलं सुद्धं – विप्पसन्नमनाविलं**
**नन्दी भवपरिक्खीणं – तम हं ब्रूमि ब्राह्मणन्ति**

अर्थ– चन्द्रमा जस्तै विमल भएको, स्वच्छ-शुद्ध भएको जन्म लिनुपर्ने भवतृष्णा नष्ट भइसकेको व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

घटना– उपरोक्त गाथा भगवान् बुद्धले जेतवनमा बस्नुभएको बेला चन्दाभ स्थविरको कारणमा भन्नुभएको थियो ।

बुद्धकालीन समयमा राजगृह नगरको ब्राह्मण कुलमा एउटा छोरो जन्म्यो । पूर्वजन्मको पुण्यफलको प्रभावले गर्दा उक्त बच्चाको नामबाट चन्द्र मण्डल समानको ज्योति प्रकाश निस्केको थियो । उसको नाम चन्द्राभ राख्यो । ब्राह्मणहरूले विचार गरे कि यदि यो बच्चालाई प्रदर्शन गरें भने हामीले लाभ उठाउन सक्छौं । यस्तो सोची तिनीहरूले बच्चालाई रथमा राखेर घुमाउन लगे । सबैलाई भन्दै हिँडे कि "जजसले यसको जिउमा हातले सुमसुम्याउँछ त्य-त्यसले ऐश्वर्य, शक्ति लाभ गर्दछ ।" मान्छेहरूले सय-सय रूपियाँ वा हजार-हजार रूपियाँ दिएर मात्र उसलाई छुन पाउँथ्यो । यसरी घुम्दाघुम्दै तिनीहरू एकदिन श्रावस्तीमा पुगे ।

श्रावस्तीमा थुप्रै संख्यामा मानिसहरूले विहानतिर को समयमा भिक्षुहरूलाई भोजन दान दिएको, अनि मध्यान्ह पछि फूलको माला, वस्त्र, औषधि इत्यादि लिएर विहारतिर गइरहेको देखे । ब्राह्मणहरूले त्यसरी गइरहेकाहरूसँग सोधे– "तिमीहरू कहाँ गइरहेका छौ ?"

मानिसहरूले भने– "तथागतकहाँ धर्म श्रवणको लागि जान लागेको ।" तिनीहरूले भने– "त्यहाँ गएर के पाउँछौ । यहाँ चन्द्राभ ब्राह्मणको आनुभावले उनको शरीर मा छोएपछि यस्तो उस्तो लाभ प्राप्त हुनेछ । मानिसहरूले भने– "तिम्रा त्यो ब्राह्मणको आनुभाव कति नै होला । हाम्रो तथागतको महान आनुभाव छ ।" दुईटा पक्षको बीच वादविवाद भयो, तर टुंगो लागेन । पछि ब्राह्मणहरूले नै भने "जाउँ त विहारमा कसको आनुभाव महान छ हेरौं हाम्रो चन्द्राभको कि तिम्रो गुरुको ।" चन्द्राभलाई लिएर तिनीहरू विहारमा गए ।

भगवान् बुद्धले तिनीहरू नजिक पुगेपछि चन्द्राभ ब्राह्मणको तेज हराइदिनुभयो । त्यो ब्राह्मण भगवान्को अगाडि कोइलाको बास्केटमा परेको कागजस्तै देखापऱ्यो । ब्राह्मणहरूले उनलाई अन्त लग्ने बित्तिकै प्रकाश फेरि पहिले जस्तै आयो । फेरि भगवान्को अगाडि ल्याउने बित्तिकै पहिले जस्तै भयो । तीन पटकसम्म यस्तो भइसकेपछि चन्द्राभ ब्राह्मणले बिचार गऱ्यो कि "यहाँ गौतमले मेरो ज्योति अन्तरधान गर्ने मन्त्र जानेको छ जस्तो छ ।" अनि उसले बुद्धसँग सोध्यो– "कसो हो गौतम के तपाईंले मेरो प्रकाश हराउने मन्त्र जान्नुभएको छ ?" बुद्धले भन्नुभयो– "हो ब्राह्मण, मैले त्यस्तो मन्त्र जानीराखेको छु ।"

ब्राह्मणले भन्यो– "उसो भए त्यो मन्त्र मलाई पनि सिकाइदिनुस्" ।

बुद्धले भन्नुभयो– "यो मन्त्र मेरो शासनमा प्रव्रजित भएकालाई मात्र सिकाउन सकिन्छ ।"

ब्राह्मणले मन्त्र सिक्ने उद्देश्यले प्रव्रजित भए । बुद्धले उनलाई द्वतिंसाकार भावना गर्ने मन्त्र सिकाउनु भयो । उसले सोध्यो– "के यही मन्त्र हो ?" बुद्धले भन्नुभयो– "यो त मन्त्रको शुरुवात हो ।" उनका मित्र ब्राह्मणहरूले बिचबिचमा "मन्त्र सिक्न सकिएको छैन के" भनेर सोध्न आउँथ्यो । ब्राह्मणले "सिद्धिएको छैन" भनी दुईचार दिन मन्त्र जप गर्दै गएपछि अरहत भयो । ब्राह्मणहरूले फेरि आएर सोध्न आए ! उसले भन्यो– "तिमीहरू यहाँबाट जाउ । म त यहाँबाट कहिं जानु पर्ने धर्ममा पुग्न गइसकें ।

अरू भिक्षुहरूले यो कुरालाई लिएर बुद्धकहाँ भन्न गए– "भन्ते यो भिक्षुले झूठो बोल्यो ।" बुद्धले भन्नुभयो– "हो भिक्षुहरू ! मेरा यो पुत्रको राग क्षीण भइसक्यो । यसले साँचो कुरा भनेको छ ।"

यसरी आज्ञा भइ भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

> **शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा झैं सेतो हाड रुपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ?**
> *- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# ज्ञानको खोजी

✍ नरेन्द्रनाथ भट्टराई

एकजना मानिस भौतिक विकासबाट अनेकन् सुख सुविधा पाए तापनि मानिसमा झन् झन् बढेको अशान्ति, चिन्ता, सङ्घर्ष, लडाईं आदि देखेर विरक्त भएर आत्मज्ञानको खोजीमा लागेछन् । उत्तरी भारतको एक ठाउँमा एकजना महात्माको उपदेश सुन्दा उनी प्रभावित भएर तिनै महात्माको शिष्य बनेर बसेछन् ।

एकदिन गुरुलाई "मलाई आत्मज्ञान गराई दिनुहोस्" भन्दा महात्माले भन्नुभयो–

"तिमी हरिद्वार भन्दा केही माथि जाउ, त्यहाँ फलानो ठाउँमा गङ्गाजीका किनारमा बसेर प्रार्थना गर, त्यहाँ एउटा स्वर्ण मछली आएर तिमीलाई ज्ञान दिनेछन् ।" यत्रा महात्माले ज्ञान दिन नसक्ने जाबो माछोबाट के ज्ञान पाइएला भन्ने कुरा लागे तापनि गुरुको आज्ञा पालन गरेर ती शिष्य निर्दिष्ट ठाउँतिर लागे । त्यहाँ पुगेर प्रार्थना गर्न थाले । केही समयपछि साँच्चिकै एउटा स्वर्ण मछली आइपुग्यो । माछाले, "मलाई किन बोलाएको" भनी सोध्यो । ती शिष्यले भने– "आत्मज्ञानको कुरा तपाईंले बताइदिनु हुन्छ भनेर गुरुले भन्नु भएकोले मैले प्रार्थना गरेको हुँ ।" माछाले भने– "म धेरै टाढा देखि सोझै आइरहेको छु, प्यास लागिरहेको छ, पहिले एक ग्लास पानी पिउँछु ल्याइदेउ अनि कुरा गरौंला ।" पानी भित्रको माछा प्यासा ! के आश्चर्यको कुरा गरेको ? भनी ती शिष्यले भन्दा माछाले भने, "हो साँच्चिकै प्यासा छु मलाई प्यास लागिरहेको छ ।"

ती शिष्य वैज्ञानिक थिए । माछाको बारेमा अध्ययन पनि गरेको थियो । उनले सम्झिए, माछा सोझो भएर पानीमा रहँदा वा बस्दा माछोको घाँटीबाट पेटमा पानी जाँदैन, अलिकति बाङ्गो भएमा मात्र पानी भित्र पस्छ । तब ती शिष्यले माछोलाई भने– "अलिकति ढाड बंग्यायौ भने त पानी पेटभित्र पसिहाल्छ नि !" यो कुरा सुन्ने बित्तिकै स्वर्ण मछलीले भने– "यही कुरालाई राम्ररी बुझ आत्मज्ञान यही हो ।" यति भनी माछा गए ।

यस तथ्यभित्र रहेको ज्ञानको रहस्यलाई हामीले बुझ्नु पर्दछ । सोझो भैञ्जेल माछाको घाँटीबाट पानी पस्दैन अलिकति बाङ्गिने बित्तिकै पस्छ । त्यसैगरी हामी पनि यस संसारमा अर्थात् बाहिरी यात्रामा लागिन्जेल आत्मज्ञान हुँदैन । संसारबाट अलिकति मात्र पनि मोडिएर अन्तरयात्रामा अर्थात् आफूभित्र पसेमा तुरुन्तै आत्मज्ञान भइहाल्दछ । ❖

# मांया लुमन्ति

✍ लेलिन शाक्य

माँ छन्त लुमंकाः ख्वय्गु हे नं खुशी ताः
वहे खुशी तायाः हाय्के मोती थें ख्वविधाः
हाय्कु हाय्कुं मिखाया ख्ववि फुनावनी
मांया लुमुगु लुमुगु न्ह्याबलें ल्यनाच्वनी

माँ छन्त लुमंकाः छकः तय्वं गाः
हियूगु नं सिचुया वंथें नुगःया घाः
माँ छंगु भक्ति याये नुगलस तयाः
छंगु न्ह्योने फ्यतुनाः छम्ह भक्त जुयाः

माँ छन्त लुमंकेवं दुःख हे जूसां सुख ताः
वहे सुखया पलय् छंगु लुमन्ति दय्वं गाः
माँ छ हे लुमनी न्हापां न्ह्यांगु कष्ट वय्वं
हरण जूथें फुक कष्ट छंगु नां काय्वं

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ आनन्दलाई तथागतको छाया मानिन्छ । उनी बुद्धको नीजि सेवक थिए ।

★ आनन्द बहुश्रुत् (=विद्वान्), स्मृतिवान्, चरित्रवान्, धैर्यवान् र उपस्थान (=इमान्दार सेवक) हुनाले ५५ वर्षको उमेरमा बुद्धले उनलाई नीजि सेवक छानेका थिए । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# मानसिक विकास र बुद्ध धर्म

✍ अमृत काजी शाक्य
*फसिक्यब, न्यूरोड*

मन र मानसिकतासंग प्रत्यक्ष सरोकार राख्ने बुद्ध धर्म ईशा पूर्व छैठौं सताब्दीमा जब राजकुमार सिद्धार्थले बुद्धत्त्व प्राप्त गरे, तबदेखि निरन्तर रूपमा मानव कल्याणको लागि प्रचलनमा आइनैरहेको छ । भावना नगरेको मनमा राग, द्वेष, मोह जस्ता विकारहरू निरन्तर रूपमा उत्पन्न भइनै रहने हुन्छ । हाम्रो भौतिक शरीर, जन्म मरणको निरन्तरता, हाम्रो उन्नति अवनति, सबै यो मनसंग नै सम्बन्धित कुराहरू हो । संसारमा व्याप्त दुःखहरूको कारण र निवारणको खोजीको क्रममा यी सबै कुराहरूको सम्बन्ध हामी भन्दा बाहिर कतै नभएर हाम्रो आफ्नो मनसंग पो रहेछ, मनमा व्याप्त राग, द्वेष र मोह आदि मानसिक बिकारहरूलाई निमिटचान्न पार्न सकियो भने मानसिकताको सकारात्मक विकासको आधार लिएर यस दुःख चक्रबाट मुक्त हुन सकिने रहेछ भनेर जब सिद्धार्थ गौतमले पता लगाए उनी बुद्ध वने र त्यो प्रविधि उनले जनमानसमा पनि बाँडे । अनगिन्ति मानिसहरूले उनको यो प्रविधिलाई अपनाएर शुद्ध र मुक्त अवस्थाको प्रत्यक्ष अनुभव गरे । मानसिक विकारलाई नश्ट गरेर उच्चतम मानसिक विकासको स्थितिमा पुगे ।

धर्म र सम्प्रदायकै रूपमा रहे तापनि बुद्ध धर्म संसारमा एउटा यस्तो धर्म हो जसमा मानसिक विकासको उच्च सम्भावनाको प्रत्यक्ष अवसरको अभ्यास गर्न अन्य सम्प्रदायका अनुयायीहरू र धर्मगुरुहरू समेत पनि सम्मिलित हुन्छन् । सहिष्णुताको यसभन्दा ठूलो उदाहरण अन्य कुन धर्म, सम्प्रदायमा पाउन सकिन्छ र ? जेनेभा स्थित धार्मिक तथा अध्यात्मिक प्रगतिको लागि अन्तर ाष्ट्रिय सम्मेलन ICARUS ले हालसालै बुद्ध धर्मलाई विश्वकै सर्वश्रेष्ठ धर्मको उपाधि प्रदान गरेको छ, जुन उपाधिको पक्षमा मतदान गर्नेहरू बहुसंख्यक धर्मनेता र गुरुहरू अन्य मतावलम्बिहरूनै थिए । बुद्ध धर्मको मानसिक विकाससंगको सुमधुर, शशक्त र प्रभावकारी सम्बन्धको कारणले गर्दा नै वहाँहरूले यस धर्मको पक्षमा मतदान गर्नुभएको मान्नु पर्छ । मानसिक विकास र बुद्ध धर्मको सम्बन्धमा जान्न यहाँ मन, मानसिकता, यसको विकास क्रम, बुद्ध, धर्म र यिनीहरू बीचको अन्तरसम्बन्धलाई क्रमवद्ध रूपमा जान्न आवश्यक हुन्छ ।

मन नै मानिसमा समाहित सबभन्दा सम्वेदाशील तत्त्व हो । मनकै गुण, धर्म, स्वभावको अवस्था अनुरुप नै मानिसको स्तरलाई मूल्याङ्कन गरिने गरिन्छ । यही मनलाई आत्मसात गरिराखेकोले नै मानिस भन्ने शब्द बन्यो । जति प्रभावशाली मन मानिसले पायो शायदै कुनै जन्तु जनावरले पाएन होला । बीज राम्रै भएपनि माटो को गुण, बाहिरी वातावरणको प्रभाव आदिले त्यसको उत्पादकत्त्वमा विविधता आएजस्तै स्वभावैले विशुद्ध मन पनि बाहिरी वातावरणको सम्पर्कमा आएपछि फरक फरक मानसिकता प्रकट गर्ने स्वभावको बन्नजाने हुन्छ । संसार मनकै उपज हो । राम्रो मानसिकताले राम्रो संसारको निर्माण हुन्छ भने नराम्रो मानसिकताले नराम्रो । **दुनिगहस्सो लहुनो यत्थकाम निपातिनो,** (धर्मपद) क्षण क्षणमा उत्पन्न हुने जतासतै दगुर्ने स्वेच्छाचारि भनेर मनलाई ईगीत गरिएको छ । मानिसहरू प्रायः मानसिक शान्ति र सन्तुष्टिकै लागि प्रत्येक कार्यहरू गरिरहेका हुन्छन् । समान अवस्थामा फरक फरक मानिसहरूको मानसिकता फरक फरक हुन्छन् । सबै मानिसहरूको एकै समानको मानसिकता अकल्पनिय नै छ । संसारको निरन्तरता फरक मानसिकताकै उपज मान्न सकिन्छ । व्यक्ति व्यक्ति बीचको समान मानसिकताले संसारको गतिशीलतालाई नै रोकिदिन सक्छ । हरेक मानिस आफैंमा अद्भुत छ भनेर आधुनिक विज्ञानका धर्मगुरु रजनिशले त्यसै भनेका होइनन् । मानिसहरूको फरक मानसिकताको शुक्ष्म अध्ययनबाट वहाँले यो कुरा प्रकट गर्नुभएको हो । संसारकै उत्पत्तिकाल देखिको मानिसहरूको मानसिकताको अध्ययन गर्ने हो भने शायदै पहिले र अहिलेको मानसिकतामा केही फरक आउँदैन । भौतिक रूपमा संसार जति परिवर्तन भइरहेको छ, मानसिक रूपमा शायदै कुनै परिवर्तन आएको होस् । अस्थिर स्वभावको मानसिकताले निरन्तरतामा परिवर्तन नहुनुलाई नै यहाँ मानसिकतामा परिवर्तन नआउनु भनेर अभिव्यक्त गरिएको हो । मानसिक स्तरमा परिवर्तन नआउनुको कारण र निवारणको अगाडि चर्चा गरिनेछ ।

जुन कुराको जति अभाव त्यसको आवश्यकता त्यति नै बढि हुन्छ । मानिसले मनलाई कहिल्यै सन्तुष्ट पार्न सकेन र यहि क्रमले सक्ने छैन पनि । आखिर भौतिक विकास क्रम नै यहि मानसिक असन्तुष्टिको उपज हो । आफूसंग उपलब्ध भएको वस्तुले मानिसलाई कहिल्यै चित्त बुझ्न । नयाँ र स्तरीय सेवा र सुविधाको खोजि गरियो । यसैलाई विकास भन्ने नाम दिइयो । विकास कहिल्यै पूर्ण भएन । पुरानो विकासलाई संधै नयाँ विकासले ओझेलमा पार्यो । नयाँ नयाँ तृष्णाले विकासलाई झन्झन् विकसित गर्दै लग्यो । शुरुको विकासक्रमसँग दाँजेर हेर्दा



Downloaded from http://www.dhamma.digital

आज संसार कति विकसित भइसक्यो । मानिसको शुरुको अवस्थाको (बाल्यावस्था) विकासक्रम र दृश्यावस्थालाई हेर्ने हो भने ४० को दशकमा पुग्दासम्म जीवन एउटा असहज कथाको रूपमा परिणत भइसकेको हुन्छ । अविकसित मानसिकताले भौतिक विकासलाई कहिल्यै पूर्ण हुन दिने देखिदैन । भौतिक उपलब्धिमा मानसिक सन्तुष्टि गाभिएर आउने हो भने त्यो नै अन्तिम उपलब्धि हुने छ । झट्ट हेर्दा भौतिक विकास भनेकै मानसिक विनाश जस्तै देखिन आउँछ । जति जति मन असन्तुष्ट भयो त्यति नै नयाँ विकासको श्रृजना हुने देखियो, जति धेरै सुविधा त्यति नै धेरै दुःख भन्दा यहाँ अनौठो हुँदैन । मानसिकताको विकासले भौतिक विकासको गति त रोकिने छैन कि भन्ने पनि लाग्न सक्छ । भौतिक विकासले मानसिक विकासको पनि साथ पाए विकास विनाश तिर जानबाट पक्कै जोगिने छ । आजको युगको विश्लेषण गर्ने हो भने विकासको गती अति डरलाग्दो छ । हल्का मानसिक विकार रूपी आगोको झिल्का यस प्रज्वलनशील विकासमा पर्ने हो भने ठूलो बिस्फोटको सम्भावना छ । विकासमा मानसिक विकारको प्रभावबाट उब्जेको साना ठूला दुर्घटनाहरूबाट भएको विनाशबाट जगत अनभिज्ञ कदापी छैन । सन्तुष्टि भन्दा पनि यस विकासलाई सकारात्मक रूपमा लिन र उपर्युक्त प्रयोजनमा ल्याउन राम्रो मानसिकताको आवश्यकता अपरिहार्य छ ।

समयक्रम अनुरुप वस्तु र विषयको परिभाषा पनि बदलिंदै जाने हुन्छ । उदाहरणको लागि पहिले व्यापारलाई नाफा र नोक्सानको विषयमा मात्र केन्द्रित गरेर हेरिन्थ्यो भने आज यसमा सेवा, सुविधा र ईमान्दारिता पनि जोडिएको हुन्छ । यो ईमान्दारिता हरेक विषयमा जोडिन आएको छ । ईमान्दारिता मानसिक तत्त्व (Mind Factor) हो, जुन तत्त्वबाट आजको युगमा कुनै विषय पनि अछुतो रहन सक्दैन । सकारात्मक मानसिकताले हरेक विषयमा सकारात्मक परिणाम ल्याउँछ । त्यसैले त आजको विश्वमा हरेक क्षेत्रमा कार्यदक्षता र उच्च उत्पादकत्त्वको लागि मानसिक प्रशिक्षण दिने कार्यको क्रम बढेको पाइन्छ । मानसिक विकासको प्रगतिको लक्षण सबैभन्दा पहिला व्यक्ति स्वयंमा देखिने कुरा हो, विकास वा भौतिक विकास त यसको असरहरू (Side Effects) मात्र हुन् । विकसित मानसिकता भएको व्यक्तिको मन सकारात्मक सोच र कार्यतिर नै केन्द्रित र अग्रसर हुने गर्दछ ।

त्यसो त सभ्यताको शुरुको समय देखिनै सिमित मानिसहरू मानसिक विकासको सुत्र खोज्नमा लागिपरेको देखिन्छ । आफूले विभिन्न प्रकृया तथा अभ्यासबाट प्राप्त गरेको मानसिक विकासको प्रविधिलाई उनीहरूले आफूमा मात्र सिमित नराखिकन जनमानसलाई पनि उपहार दिए । यसो गरेर उनीहरूले आफ्नो विकसित मानसिकताको उदारता प्रदर्शन गरे । पछिल्लो समयमा गरेका खोजिनीति र उत्खननहरूले करीब ६ हजार वर्ष अगाडि पनि हडप्पा र **महिन्दोधरा** (पञ्जावको सिन्ध प्रान्त) भन्ने स्थानका मानिसहरू आफ्नो मानसिकतामा सुधार ल्याउन योग ध्यान र श्रमन परम्पराको अवलम्बन गर्थे भन्ने तथ्यहरू फेला परेको छ । आफूलाई प्राप्त भएको सकारात्मक कुराहरूलाई आफूमा मात्र सीमित नराखि जनमानसको हितको लागि प्रचार प्रसार गर्नु नै विकसित मानसिकताको लक्षण हो । त्यस बेलाका विद्वान्हरूले खोजेका मानसिक विकाशका सुत्रहरू, जुन धेरै नै प्रभावकारी थिए, आजसम्म पनि यदाकदा प्रयोगमा नै छन् ।

यसरी पौराणिक रूपमा मात्र होइन ऐतिहासिक रूपमा पनि मानसिक विकासको क्रमलाई अध्ययन अनुसन्धान गर्न सकिन्छ । यदाकदा रुग्न मानसिकता भएका मानिसहरूले अमानवताको चरमतामा पुगेर सभ्यतालाई बिगार्ने काम पनि नगरेको होइन, यस प्रकारका मानिसहरूको प्रभुत्त्वमा परेर सिंगो राष्ट्र र जनताहरूको मानसिकता खस्केको पनि पाउन सकिन्छ । गलत मानसिकताले अमानवता निम्त्याएको कुराहरू इतिहासमा धेरै पढ्न पाइन्छ । राष्ट्रले प्रत्येक पटक नयाँ शासकिय स्वरूप पाउँदा जनतामा एउटा नयाँ मानसिकता विकास भएको पाउन सकिन्छ, कहिले मानसिक विकासको रूपमा त कहिले विकारको रूपमा । मानसिक विकासमा शासकहरूको भूमिका हामी सम्राट **अशोक**को (भारत वर्षको सम्रात - ई.पू. २६९-२२७) शासनकालबाट राम्ररी अध्ययन गर्न सक्छौं । कसरी उनले चण्डाशोकबाट धर्माशोक भएपछी सम्पूर्ण जनसमुदायको मानसिक स्तर उन्नतीको लागि कार्य गरे भन्ने कुरा इतिहासले स्पष्ट देखाउँदछ । *क्रमशः*

*(Source: **'Lumbini'** Vol. 18, B.E. 2559, May 2015)*


*(This is one of the prize winning articles (first) from Essy Competition held in Nepal organized by Lumbini Nepalese Buddha Dharma Society (UK) in collabaration with Buddhist Youth Group, Kathmandu, in 2014. Such Essay Competition has been held since 2007 at a small step taken by us to encorage among the youth and to promote The Buddha's teaching in Nepal LNBDS would like to express our gratitude to all our well wishers in making such noble task successful. - Editor)*



Downloaded from http://www.dhamma.digital

# प्रजातान्त्रिक अभ्यासय् नेपाः

✍ सुनिता मानन्धर



विकसित देय् जुइमा वा अविकसित देय् । न्ह्याथे जाःगु देशय् नं ल्वचं कःपिं मनूत दु । ल्वय् नं यक्व हे कथंया दु । दक्व ल्वय् या नां कयां साध्य मजू । न्हयाथे जाःगु ल्वय् नं ग्यानापुसे च्वं । अझ थौंकन्हय् ला एड्स, क्यान्सर, मधुमेह, रक्तचाप, हेपाटाइटिस आदिया ल्वचं ग्रसित जूपिं यक्व दु । थुकथंया ल्वचं कःपिं गुलिं भचा याकनं लना वनी । गुलिसिया ल्वय् ताःहाक जुयाच्वनी । क्यान्सर जुल, मनू हे जुइ मखुत धाःपिं नं छुं ई वासः याना लनावः पिं नं दु । किड्नी स्यन धाःसा छगः किड्नी लिकया याउँक जीवन हंपिं नं दु । एड्स थें जाःगु ग्यानापुगु ल्वचं कःसां दँदँतक छुं म्वायेक जीवन हंपि नं दु । मधुमेह ल्वचं कःसां पीदँ न्यय् दँतक स्वस्थ मनुखं थें जीवनयापन याःपिं नं दु । तर गुलिं गुलिं धाःसा क्यान्सरया कारणं वा थःगु जीवनकाःछिं संघर्ष यानाच्वपिं दु । ल्वचं कःपिंमध्ये गुलिसिनं बांलाक सुसाः कुसाः यानाः ल्वय् लन धाइ । गुलिसिनं बांलाक वासः यानाः ल्वय् लन धाइ । गुलिसिनं आहारय् सन्तुलन याना ल्वचं मुक्त जुल धाइ । तर गुलिसिनं धाःसा बांलाक सुसाः कुसाः याःसां ल्वचं त्वःती मखु । छैं, बुँ हे मियाः बांलाःम्ह डाक्टर क्यनाः वासः नकूसां ल्वय् लनी मखु ।

बौद्ध ग्रन्थ सुत्तपितकया छगूं ग्रन्थ अंगुत्तर निकाय खः । थुकी दुने दुथ्याःगु गिलानसुत्तय् तथागत बुद्धं लोकय् स्वता कथंया ल्वय् दुगु खँ कनाबिज्याःगु दु । गुगु थुकथं खः - ल्वगियात अनुकुल भोजन प्राप्त जुइमा वा मजुइमा । वयात अनुकुल वासः प्राप्त जुइमा वा मजुइमा । वयात अनुकुल सेवक प्राप्त जुइमा वा मजुइमा उम्ह ल्वगि ल्वचं मुक्त जुइ मखु ।

ल्वगिया अनुकुल भोजन प्राप्त जुइमा वा मजुइमा अनुकुल वासः प्राप्त जुइमा वा मजुइमा । अनुकुल सेवक प्राप्त जुइमा वा मजुइमा उम्ह ल्वगि ल्वचं मुक्त जुइ । सुं ल्वगि वयात अनुकुल भोजन प्राप्त जूसा हे जक प्राप्त मजूगु मखुसा, अनुकुल वासः प्राप्त जूसा हे जक प्राप्त मजूगु, अनुकुलम्ह सेवक प्राप्त जूसा हे जक प्राप्त मजूगु मखुसा उम्ह ल्वगि ल्वचं मुक्त जुइ । थुकथं स्वयेगु इलय् नं गुलिं ल्वगिया ल्वय् अनुकुल भोजन, अनुकुल वासः व अनुकुल सुसाः कुसाः याःसा लनाच्वनी । तर गुलिं ल्वगियात दक्व कथंया कुतः याःसां ल्वचं त्वःती मखु । खयत् ला ल्वचं कइगु सुयातं यइमुख । ल्वगि नं जितः ल्वचं छकः मकः सा थथे याये अथे याये धकाः मतिइ तइ । ल्वय्या कारणं थम्हं छुं याये मफुथें तायेकी । थः ल्वगि जूगुलिं नुगः क्वतुंकाच्वनी । अझ ल्वय्या कारणं आत्महत्यातकं याइ । ताः ईतक ल्वगिया सेवा याये मालकि छेँजः, जःलाखःलापिंसं तकं घृणा याइ । हेलाया मिखां स्वइ । थुकिया कारणं ल्वगि निराश जुइ । अले पिनेया ल्वचं स्वयां मानसिक ल्वचं झन कष्ट याइ ।

ल्वचं कइगु छगू कथंया दुःख हे खः । लनीगु ल्वय् जुइमा वा मलनीगु ल्वय् न्हयागु ल्वचं नं दुःख हे जुइ । ल्वचं कलकि ल्वगि छम्हेसित जक दुःख जुइगु मखु । ल्वगिया छेँजः थःथितिपिंत तकं दुःख जुइ । छुं कथं ल्वगि सिनाः हे वंसा वया छेँ जः पिंसं दुःख सियाच्वनी । ल्वगिया वासः यायेत फुकूगु ध्यबा पुलेत थःगु जीवन पानाच्वनी । अथे ला ल्वचं कयाः च्वनेगु वा ल्वचं कयाः सिना वने सुया जक यइ । सकसिनं सदां थः निरोगी जुयाः च्वने दयेमा, याउँक जीवन हने दयेमा धकाः इच्छा याई । तर थम्हं इच्छा जक यायेवं ल्वचं मुक्त जुइमखु । थम्हं आशिका यायेवं जक ल्वय् मदयाः वनीगु मखु । तथागत बुद्ध स्वयं भिक्षुपिंत थुकथंया खँ कनाबिज्याःगु



Downloaded from http://www.dhamma.digital

खः वसपोलं महास्मृतिप्रस्थान सुत्रया धर्मानुपश्यना सत्यवर्गय् थथे धयाबिज्याःगु दु, "भिक्षुपिं। ल्वगि स्वभाव दुपिं सत्व प्राणीपिंके जिपिं ल्वगि स्वभाव मदुपिं जुइ दःसा गुलि जिउ, व ल्वय् नं जिमिपाखे वये मफइगु जूसा गुलि जिउ। थुकथंया इच्छा ब्वलनीगु जुयाच्वन। थुकथं इच्छा जूसां नं थ्व ल्वय् मजुइगुयाता इच्छा याना, मात्र मदइगु मखुगु जुयाच्वन। उकिं थुकियात दुःख खः धका धायेमाः गु जुयाच्वन। खयूत ला पलख न्ह्यःतक छुं मजूम्हे सित ल्वचं कयेफु। नकतिनि न्ह्यइपुक, याउँक च्वंच्वंम्हे सित नं ल्वचं कयेफु। उकिं ल्वचं सुयातं गुबले अले गुथाय् कष्ट बी सुनानं सीमखु।

थन ल्वय्या कारणं यानाः थः यः पिं नाप बायाच्वने मालेफु। थः मयः पिंनाप हनाच्वने मालेफु। अझ थः यात मयःगु रूप, शब्द, गन्ध, स्वभावनाप स्वानाच्वने मालेफु। थुकथं थः मयः पिंनाप हनेगु। यःपिंनाप बायाः च्वनेगु धइगु नं दुःख हे खः धका तथागत बुद्धं धयाबिज्याःगु दु।

थुकथं बुद्ध शिक्षायात थुइके फःसा ल्वय् धइगु जीवनय् वइगु छगू दुःखया सत्यता खः। थुकि सुयातं त्वःती मखु गुलिसिया ल्वय् याकनं लनी। गुलिसिया ल्वय् लंके थाकुइ धइगु खँयात आत्मसात याये फइ। थुकिं यानाः ल्वचं कःसां आत्मविश्वास अप्वयाः वइ। ल्वगिं जूसां छुकथं दुःख ताइमखु। ❖

*साभार- 'सन्ध्या टाइम्स्' २०७२ माघ २० गते, बुधवाः)*

**धर्मप्रचार समाचार**

## दान गरेको आँखाको सफल प्रत्यारोपण

श्रद्धेय विपश्यनाचार्य गुरू सत्यनारायण गोयन्का ज्यूका सहधर्मी धर्मपत्नी विपश्यना ध्यान साधिका गुरूमां इलाय्चीदेवी गोयन्काज्यू ८७ वर्षको उमेरमा ई.सं. २०१६ जनवरी ५ का दिन देहावसान हुनुभयो। उहाँको देहावसान भएको दशौं दिनको पुण्यतिथिमा नगदेश बौद्ध समूहले एक शोक सभाको आयोजना गरी शोक श्रद्धाञ्जली गरिएको समाचार प्राप्त भएको छ। दिवंगत गुरूमांको सदगति र निर्वाण कामना गर्दै उक्त कार्यक्रममा १० मिनेट आनापान ध्यान भावना पनि गरिएको थियो।

यसरी नै नगदेश बुद्ध विहारका उपासिका बुद्ध माया प्रजापति देहावसान भए लगतै तिलगङ्गा आँखा केन्द्रका चिकित्सक हस्ते आँखा दान गरिएको पनि समाचार छ। सो दान गरेको आँखा मध्ये एउटा आँखा ललितपुर जिल्ला स्थित लेले गाविस निवासी ३४ वर्षिया नगरकोटी थरकी महिलालाई सफल प्रत्यारोपण गरेको कुरा बुझ्नि आएको छ। यस दान उपपारमिता द्वारा मृतक बुद्धमाया प्रजापतिको सद्‌गति र निर्वाण कामना पनि उक्त समूहले गरिएको समाचार छ।

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

- ★ भिक्षु आनन्दप्रति **उत्तरा** उपासिका मोहित भएकी थिइन्।
- ★ भिक्षु आनन्दको प्रयत्नले स्त्रीहरू भिक्षुणी हुन पाएकी थिइन्।
- ★ बुद्ध शासनमा सबभन्दा पहिले भिक्षुणी हुने बुद्धकी कान्छी आमा प्रजापति गौतमी थिइन्।
- ★ बुद्धकी आमा महामायादेवी आफ्नै सौता प्रजापति गौतमीकी साखे दिदी थिइन्।
- ★ **प्रजापति गौतमी** - कपिलवस्तुकी रानी, प्रथम भिक्षुणी। पिताःअन्जन। आमा : यशोधरा। पति : शुद्धोदन। दाइहरू : सुप्रबुद्ध र पुण्डरिक। दिदी : महामायादेवी। छोरो : नन्दकुमार। छोरी : नन्दाकुमारी। माइतिघर : देवदह।

*(साभार- बौद्ध दर्पण)*

## ❖ भूल सुधार ❖


**धर्मकीर्ति पत्रिका, वर्ष-३३, बु.सं. २५५९ मिला पुन्हि, अङ्क-९, आवरण पुष्ठको भित्री पृष्ठमा "Book Launching Programme" शिर्षकको समाचारमा उल्लेख गरिएको तस्विरको शिर्षकमा श्रीलङ्काका राजदूत हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्याइएको छ।**



Downloaded from http://www.dhamma.digital

# The Price Maker

## ( Foolishness )




Long ago and far away, their was a king who ruled in Benares, in northern India. One of his ministers was called the Royal price Mader, and he was a very honest man, His job was to set a fair price for anything the king wanted to buy or sell.

On some occasions, the king did not like his price making. He did not get as big a Profit as he wanted. He did not want to pay so much when he bought, or sell for what he thought was not enough. So he decided to change the price maker.

One day he saw a nice looking young man and he thought, "This fellow will be good for my price making position. "So he dismissed his former honest price maker, and appointed this man to be the new one. The man thought, " I must make the king happy by buying at very low prices and selling at very high prices."So he made the prices ridiculous, without caring at all what anything was worth. This gained the greedy king a lot of money, and made him very happy. Meanwhile, all the others who dealt with the new price maker, including the king's other ministers and ordinary people, became very unhappy.

Then one day a house merchant arrived in Benares with 500 horses to sell. There were



Downloaded from http://www.dhamma.digital

stallions, mares and colts. The king invited the merchant to the palace, and called upon his Royal Price Maker to set a price for all 500 horses. Thinking only of pleasing the king, he said, "The entire herd of horses is worth one cup of rice. "So the king ordered that one cup of rice be paid to the horse dealer, and all the horses were taken to the royal stables.

Of course the merchant was very upset, but he could do nothing at the moment. Later he heard about the former price maker, who had a reputation for being very fair and honest. So he approached him and told him what had happened. He wanted to hear his opinion, in order to get a proper price from the king. The former price maker said, "If you do as I say, the king will be convinced of the true value of the horses, Go back to the price maker and satisfy him with a valuable gift. Ask him to tell the value of one cup of rice, in the presence of the king. If he agrees, come and tell me. I will go with you to the king."

Following this advice, the merchant went to the price maker and gave him a valuable gift. The gift made him very happy, so that he saw the value of pleasing the horse dealer. Then the merchant said to him,"I was very happy with your previous evaluation. Can you please convince the king of the value of one cup of rice ?" The Foolish price maker said, " Why not ? I will explain the worth of one cup of rice, even in the presence of the king."

So the price maker thought the horse dealer was satisfied with his cup of rice. He arranged for another meeting with the king, as The king, as the merchant was departing for his own country. The merchant reported back to the old price maker, and they went together to see the king.

All the king's ministers and his full court were in the royal meeting hall. The horse merchant said to the king, "My lord, I understand that in this your country, my whole herd of 500 horses is worth one cup of rice. Before I leave for home, I want to know the value of one cup of rice in your country." The king turned to hid loyal price maker and said, "what is the value of one cup of rice?"

The foolish price maker, in order to please the king, had previously priced the herd of horses at one cup of rice. Now, after receiving a bribe from th horse dealer, he wanted to please him too, So he replied to the king, in his most dignified manner, "your worship, one cup of rice is worth the city of Benares, including even your own harem, as well as all the suburbs of the city. In other words, it is worth the whole kingdom of Benares.!"

On hearing this, the royal ministers and wise men in the assembly hall started to roar with lauhghter, slapping their sides with their hands. When they calmed down a little, they said, "Earlier we heard that the kingdom was priceless. Now we hear that all Benares, with its palaces and mansions, is worth only a cup of rice! The decision of the Royal price Maker is so strange! Where did your highness find such a man? He is good only for pleasing a king such as you, not for making fair prices for a merchant who sells his horses from country to country."

Hearing the laughter of his whole court, and the words of his minsters and advisers, the king was ashamed. So he brought back his former price maker to his official position. He agreed to a new fair price for the herd of horses, as set by the honest price maker. Having learned a lesson, the king and his kingdom lived justly and prospered.

**The moral is:** A fool in high office can bring shame even to a king. ❖

*(Source-'Buddhist Tales for Young and Old' Vol-1, Stories 1-50 Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### धम्मपद – दण्डवग्ग

*२०७२ पौष २५ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राज भाइ तुलाधर*

**सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥**

दण्डदेखी सबै डराउँछन्, मृत्यु देखि सवै भयभीत हुन्छन् ।

त्यस्तो त्रसित प्राणीको ठाउँमा आफैलाई राखेर हेर्नु पर्छ ता कि कसैलाई पनि दण्ड दिने या घात गर्ने विचार नआओस ।

**सब्बे तसन्ति दण्डस्स, सब्बेसं जीवितं पियं ।**
**अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥**

दण्डदेखि सबै डराउँछन्, आफ्नो ज्यान सवैलाई प्यारो लाग्छ । आफूलाई अरूको ठाउँमा राखेर हेर । कसैलाई हिंसा नगर, नमार ।

भगवान बुद्धले माथिको गाथाहरू भिक्षुहरूको दुईटा समुहबीच कुटपीट गरी भ्रगडा हुँदा भन्नु भएको थियो । भगवानले भिक्षुहरूले एक अर्कामाथि हात उठाउनु नपाउने नियम बनाउनु भयो ।

**सुखकामानि भूतानि, यो दण्डेन विहिंसति ।**
**अत्तनो सुख मे सानो, पेच्च सो न लभते सुखं ॥**

अरूलाई जो सुख चाहन्छन्, उनीहरूलाई दुःख दिएर आफ्नो सुख खोज्ने व्यक्तिले परलोकमा सुख पाउँदैन ।

**सुखकामानि भूतानि, यो दण्डेन नहिंसति ।**
**अत्तनो सुखमेसानो, पेच्च सो लभते सुखं ॥**

सुखको कामना गर्ने अरू प्राणीहरूलाई दुःख नदिइकन जसले आफ्नो सुख खोज्छ उसले परलोकमा पनि सुख पाउँछ ।

उपरोक्त गाथाहरू भगवानले भिक्षाटनमा गइरहेको वेला केही केटाहरूलाई संझाएर भन्नु भएको थियो । ती केटाहरूले एउटा सर्पलाई लट्ठीले कुट्दै थिए । भगवानले किन कुटेको भनेर सोध्दा उनीहरूले सर्पले टोक्न सक्छ भनेर कुटेको भने । अनि भगवानले भन्नु भयो - यदि तिमी आफूमाथि अरूद्वारा हिंसा चाहँदैनौ भने अरूप्रति पनि तिमीले हिंसा नगर । यदि गर्‍यौ भने परलोकमा सुख पाउँदैनौ ।

### विषय : अंगुत्तर निकाय

*२०७२ माघ १६ गते, शनिबार*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुती- उष्णीषतारा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारीय कक्षामा श्री मदन रत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तर्गत दुक निपात भित्र पर्ने आचायन वग्गो (आशिका वर्ग = कामना वर्ग) विषयमा व्याख्या गर्नुभयो । आचायनको अर्थ कसैबाट प्रेरणा लिनु हो । कुनै व्यक्तिको आदर्शबाट प्रभावित भएर म पनि वहाँ जस्तै हुन सकुं भनेर कामना गर्नु आचायन हो ।

***सूत्र नं १३१ –***

श्रद्धावान भिक्षुद्वारा सम्यक रूपले कामना गर्‍यो भने यसरी गर्नुपर्दछ –

“म पनि सारीपुत्र, मौद्गल्यायनहरू जस्तै हुन सकुं ।”

यो भगवान बुद्धका अग्रश्रावकहरू सारीपुत्र र मौद्गल्यायनहरूबाट प्रेरणा लिएर कामना गरेको हो । सबै व्यक्तिमा आफु राम्रो बन्ने र आफुलाई प्रशंसा गरोस् भन्ने इच्छा हुन्छ ।

सारीपुत्र र मौद्गल्यायन भिक्षु अस्सजिद्वारा ‘हे धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह ... ।” उपदेश सुनेर भगवान बुद्धकहाँ प्रव्रजित ग्रहण गर्नुभयो । मौद्गल्यायन प्रव्रजित हुनुभएको ७ दिन पछि अर्हत् हुनुभयो र सारीपुत्र १५ दिनपछि अर्हत् हुनुभयो । सारीपुत्रले प्रज्ञामा एतदग्ग (एकजना मात्र) प्राप्त गर्नुभयो । वहाँमा भगवान् बुद्धले जति नै उपदेश दिन सक्ने क्षमता छ त्यसैले वहाँ प्रज्ञामा अग्र हुनुभयो । अग्रश्रावक महामौद्गल्यायन ऋद्धिशक्तिमा एतदग्ग प्राप्त हुनुहुन्छ ।

***महापुरुषको परिचय –***

भगवान बुद्धले महापुरुष कसलाई भनिन्छ भनेर सारीपुत्रलाई सोध्नुभयो । ‘चित्तको विकारबाट मुक्त हुनेलाई महापुरुष भनिन्छ’ भनेर सारीपुत्रले उत्तर दिनुभयो । यस उत्तरलाई भगवान बुद्धले साधुवाद दिएर अनुमोदन गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# "नेपालय् दो गुणवती गुरूमां"
## पुस्तक विमोचन



*भिक्षुणी धम्मवती गुरुमांबाट "नेपालय् दो गुणवती गुरुमां" नामक पुस्तक विमोचन गर्नुहुँदै*

*२०७२ माघ १८ गते सोमबार, अष्टमी*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

बुद्ध शिक्षा अध्ययन गर्नुभई धम्मवती गुरूमां म्यानमारबाट आफ्नो देश नेपाल फर्कने क्रममा आफ्नी सहपाठी बर्मी नागरिक दो गुणवती गुरूमांलाई पनि नेपालमा ल्याउनु भएको थियो । बुद्ध शिक्षा प्रचार गर्नको लागि आफ्नो मातृभूमी त्याग गरी ३५ वर्ष नेपालमा बिताउनु भएकी दो गुणवती गुरूमांको कृतज्ञ गुण स्मरण गरी धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशित **"नेपालय् दो गुणवती गुरूमां"** पुस्तक धर्मकीर्ति विहारको धम्महलमा विमोचन गरिएको छ ।

धर्मकीर्ति विहारको स्वर्ण जयन्तीको उपलक्ष्यमा प्रकाशित डा. रीना तुलाधर र लोचनतारा तुलाधरको सम्पादनमा प्रकाशित उक्त पुस्तक भिक्षुणी धम्मवतीले विमोचन गर्नुभएको थियो ।

भिक्षुणी धम्मवती, भिक्षुणी डा. अनोजा, भिक्षु उपतिस्स लगायत भिक्षुणी कुसुम आदिबाट दो गुणवती गुरूमांले धर्म प्रचार कार्यमा पुऱ्याउनु भएको अमूल्य योगदान विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम डा. रीना तुलाधरले सञ्चालन गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## नरः बुद्ध विहारमा बुद्ध प्रतिमाहरू प्रतिस्थापित

*२०७२ माघ २६ गते। स्थान- नरः बुद्ध विहार*

ललितपुर, मानभवन निवासी समाजसेवी उपासक श्री मोतिलाल शिल्पकारले प्रदान गर्नुभएको साढे तीन फिटको ढलौटको भूमिस्पर्श बुद्धमूर्ति र श्रीलंकाका राजदूत महामहिम श्री डब्लु एम सेनेविरत्नले उपलब्ध गराउनु भएको साँढे दुई फीटको ध्यान मुद्राको बुद्ध प्रतिमाहरू नरः बुद्ध विहारको धम्महलमा भिक्षु संघको उपस्थितिमा प्रतिस्थापित गरिएको समाचार प्राप्त भएको छ।

दाता मोतिलाल शिल्पकारको निवास स्थानबाट बाजा गाजा सहित रथमा विराजमान गराई ल्याइएको बुद्ध मूर्ति नरः बुद्ध विहारमा पुऱ्याइएको थियो।

नरः विहारमा श्रद्धेय भिक्षु भद्दिय महास्थविरको प्रमुख आतिथ्य एवं भिक्षु पुण्णको सभापतित्त्वमा सञ्चालित एक सभामा पञ्चशील प्रार्थना पश्चात् बुद्ध प्रतिमा दाताहरू महामहिम श्री डब्लू एम सेनेविरत्न र उहाँकी धर्मपत्नी श्रीमती सिरिमा सेनेविरत्न, श्रीलंका र ाजदूतावासको सेकेण्ड सेक्रेटरी श्री दिनेशा सवारसिंघे, श्री मोतिलाल शिल्पकार र श्रीमती कृष्णा लक्ष्मी शिल्पकार आदिलाई खादा ओढाई स्वागत सम्मान गरिएको थियो। त्यसपछि उपासक श्यामलाल चित्रकारले नरः बुद्ध विहारको संक्षिप्त परिचय प्रस्तुत गरी सभामा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो। भिक्षु पुण्णले बुद्ध मूर्ति दाताहरूलाई उपहार प्रदान गर्नु भएको थियो।

श्रीलंकाका राजदूतले बुद्ध शासनलाई टेवा दिन विहारलाई श्रीलंकामा प्रचलित ध्यान मुद्राको बुद्ध प्रतिमा दान दिन पाएकोमा खुशी व्यक्त गर्नुहुँदै ध्यान भावना बृद्धि गर्न सल्लाह दिनु भएको थियो भने सेकेण्ड सेक्रेटरी श्री दिनेशा सवारसिंघेले आवश्यक सहयोग दिने वचन दिनुभएको थियो।

दाता मोतिलाल शिल्पकारले बुद्ध प्रतिमा स्थापनाबाट शुरु गरिने बुद्धपूजा र धर्मदेशना कार्यक्रमले उपासकोपासिकाहरूको आचरण सुधार हुने आशा व्यक्त गर्नुभएको थियो।

श्रद्धेय भिक्षु भद्दिय महास्थविरले धर्मदेशना गर्नुभएपछि उपासकोपासिकाहरूले रजतपत्रहरू, चाँदिका सिक्का र गहनाहरू बुद्ध आशनको गर्भमा चढाइएपछि भिक्षु संघले बुद्ध वचन वाचन गरेपश्चात् दुवै बुद्ध प्रतिमाहरू आशनमा प्रतिस्थापित गरिएको थियो।

सभाका सभापतिले धन्यवाद ज्ञापन गरी पुण्यानु मोदन गरी सभा विसर्जन गरिएको थियो। कार्यक्रम उपासक श्री गोपाल डंगोलले सञ्चालन गर्नुभएको थियो।

## वाइ.एम.बि.ए. परियत्ति केन्द्र उद्‌घाटन

*२०७२ माघ १६ गते, शनिवार*

नेपाल बौद्ध परियत्ति केन्द्रका केन्द्रिय परिक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरले वाइ.एम.बि.ए. परियत्ति केन्द्र दीयो बाली उद्‌घाटन गर्नुभएको समाचार प्राप्त भएको छ।

गोल्डेन क्लब उपसमितिको आयोजनामा राजेश शाक्यको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा हेरारत्न शाक्यले स्वागत गर्नुभएको थियो। केन्द्रमा यसपालि ३० जना विद्यार्थीहरूको नाम दर्ता भइसकेको जानकारी दिइएको उक्त सभामा परियत्ति प्रवर्द्धक ई. विष्णु रत्न शाक्य, पूर्व अध्यक्ष राजेश शाक्य र प्रमुख अतिथि भिक्षु बोधिज्ञान महास्थविरले परियत्ति शिक्षालाई यस परियत्ति केन्द्रले सुचारुपले सञ्चालन गर्ने विश्वास व्यक्त गर्नुभएको थियो।

गोल्डेन क्लबका संयोजक तुला नरसिंह शाक्यले धन्यवाद ज्ञापन गर्नुभएपछि राजेश शाक्यले केन्द्रिय समितिबाट एकलाख रूपैयाँ अक्षय कोष स्थापना गरिदिने जानकारी दिनुभएको थियो।

### धर्मकीर्ति विशेष सदस्य

*क्र.सं. ८४१*

**समा तुलाधर**

ज्याठा, काठमाडौं

रू. २००५/–

**यो रुप जीर्ण भएर जाने, रोगको घर अत्यन्त क्षण भंगुर गन्हाउने शरीर छुटेर मरणमा जीवनको अन्त्य हुनेछ।**

*- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# म्यानमार र थाइलैण्ड भ्रमण




*म्यानमार स्थित स्वेदगों चैत्य परिसरमा धर्मकीर्ति विहारबाट जानुभएका तीर्थयात्री समूह*

*२०७२ पौष १३-२७ सम्म*

*प्रस्तुती- भिक्षुणी केशावती*

धम्मवती गुरुमांको अनुमति एवं केशावती गुरुमांको नेतृत्त्व र उपासक उद्योग रत्न तुलाधरको सहयोगमा यसपाली धर्मकीर्ति विहारबाट २५ जना उपासकउपासिकाहरूको समूहले म्यानमार र थाइलैण्ड मुलुकका विभिन्न बौद्ध स्थलहरूको तीर्थयात्रा भ्रमण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा भ्रमण गरिएका स्थानहरूको नाम यसरी छन्–

**म्यानमार –**

भगां, च्याइथियू, मांडले, मोलमिन, चेकखमी फयाः, रंगुन (स्वेदगों चैत्य), नेपिडो आदि ।

रंगुनमा दो गुणवती गुरुमांको म्यानमार नेपाल विहार, उ वा खिन ध्यान केन्द्र, महासी सयादो ध्यानकेन्द्र, पण्डिताराम ध्यानकेन्द्र आदि महत्त्वपूर्ण स्थानहरूको भ्रमण गरी पुण्य सञ्चय गरिएको थियो ।

**थाइलैण्ड –**

वातफो, वात ताईमित, मारबले बुद्ध, वाद अरुण, एमरल्ड बुद्ध, अयोध्या, नखम पथम, वात संघराज, बुद्ध मण्डल आदि ।

थाइलैण्डको शान्ति सुख विहारमा ५० जना प्रव्रजित गुरुमांहरू बुद्ध शिक्षा अध्ययन गरी ध्यान गरिरहनु भएका छन् । उक्त विहारमा हामी नेपाली तीर्थ यात्रीहरूको समूहले भोजन दान गरेका थियौं ।

यस १५ दिने यात्रामा रमाउँदै फर्केका सबै यात्रीहरूले आफ्नो यात्राको स्मरण गर्नुहुँदै धम्मवती गुरुमांको सु-स्वास्थ्य कामना गर्नु भएका थिए ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



**दिवंगत प्रेम नारायण ब्यांङ मानन्धर**
(जन्म: १९८९/१२/२८ – मृत्यु: २०७२/१०/१०)

**दिवंगत कदम् कुमारी ब्यांङ मानन्धर**
(जन्म: १९९६/१०/९ – र्मत्यु: २०७२/०८/२८)

प्रात: स्मरणीय हनेबहपिं जन्मदाता बा: **प्रेम नारायण ब्यांङ मानन्धर** व
मां **कदम् कुमारी ब्यांङ मानन्धर** नस्वरगु देह तोता
परलोक जुया दिल ।
जिमित मचाबलेनिसें दुख कष्ट सहयाना: ब्वलंका: भिंगु मार्गय् छ्वयादीपिं
मां-बौपिनिगु गुण गुबलें लोमंके फैमखु ।
वसपोलपिनिगु परलोक जीवन सुगतिमय जुयेमा नापं
संसार दु:खं मुक्त जुया:
निर्वाण सुख लाभ याना कायेफयेमा धका: प्रार्थना यानाच्वना ।

*काय्: – भौ:*

**दुर्गा नारायण ब्यांङ मानन्धर – भुवन लक्ष्मि ब्यांङ मानन्धर**

*छ्यपिं:*

**रत्ना ब्यांङ मानन्धर, रस्मि ब्यांङ मानन्धर**
**रिया ब्यांङ मानन्धर**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार- "महामानव बुद्धकी महान विद्या विपश्यनाका उद्‌गम और विकास" - विपश्यना आचार्य सत्यनारायण गोयन्का

जाडोले कठ्यांग्रिएको विहान सबेरै नदीमा पाप बगाई पुण्य कमाउने आशाले नुहाइरहेका ब्राह्मण बाजेलाई पूर्णा दासीले नदीको पानीले पाप पखाल्ने भए नदीभित्र रहेका माछा, भ्यागुता, गोही आदि प्राणीहरू सबभन्दा पहिला पुण्यवान् धर्मात्मा हुने भए नि भनी उपदेश दिंदै गरेको दृश्य ।

वर्ष-३३; अङ्क-१० बु.सं. २५५९, सि पुन्हि

Downloaded from http://www.dhamma.digital

# तथागतको अस्थिधातु विमोचित



*पुस्तक विमोचन गर्नुहुँदै भिक्षु ज्ञानपूर्णिक, भिक्षुणी धम्मवती*

*२०७२ माघ २९ गते, शुक्रवार*
*स्थान- निर्वाणमूर्ति किम्डोल विहार*

यसदिन "तथागतको अस्थिधातु" पुस्तक भिक्षु महासंघका संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर र अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष भिक्षुणी धम्मवतीबाट सामूहिक लोकार्पण गरिएको थियो ।

यस पुस्तक सर्वप्रथम राजकीय पण्डित डा. भिक्षु नन्द महास्थविरले नेपाल भाषाबाट "तथागतया अस्थिधातु" नामबाट लेखन र सम्पादन गरी प्रकाशन गर्नुभएको थियो । यही पुस्तकलाई भिक्षुणी डा. धम्मविजयाले रूपान्तर गरी "तथागतको अस्थिधातु" नामले प्रकाशन गरिएको छ ।

प्रस्तुत पुस्तक दाता जलेश्वरी श्रेष्ठ जलरिका साहित्य सेवाबाट प्रकाशन गरी पुण्य सञ्चय गरिएको छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षुणी धम्मवतीको प्रमुख अतिथित्वमा, डा. धम्मविजयाको सभापतित्वमा अरूणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम पञ्चशील प्रार्थना गरी प्रारम्भ गरिएको थियो ।

उक्त कार्यक्रममा प्रस्तुत पुस्तकमा उल्लेखित विभिन्न विषयमा मदनरत्न मानन्धरले प्रतिक्रिया व्यक्त गर्नुभएको थियो भने सुलोचना मानन्धर र जलेश्वरी श्रेष्ठले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । यसरी नै अमृतमान ताम्राकारले रामग्राममा अवस्थित तथागतको अस्थिधातु विषयमा केही जानकारी प्रस्तुत गर्नुभएको थियो ।

ओवाद उपदेश दिनुहुने क्रममा भिक्षुणी धम्मवतीले मानिसहरूको अमूल्य समय चाहिंदो नचाहिंदो गफमा भुलेर खर्च गर्नु भन्दा बुद्ध शिक्षाले भरिएको पुस्तक अध्ययन गरी यही विषयमा छलफल गर्ने बानी बसाल्दा हामीले आफूलाई ठीक बाटोमा डोऱ्याउन सफल हुने सल्लाह दिनुभयो ।

यसरी नै भिक्षु ज्ञानपूर्णिक महास्थविरले मानिसहरूले आफ्नो जीवनकालमा मन, वचन र शरीर आदि ३ वटा द्वारहरूबाट रोप्ने कर्म र कर्मफल विषयमा गहिरिएर अध्ययन गर्दै, त्यसमा होशियारी बन्दै कर्म रोप्नु पर्ने विषयमा सल्लाह दिनुहुँदै भन्नुभयो–

"जबसम्म मानिसले आफ्नो मनुष्य जीवनको मूल्य थाहा पाउँदैन, तबसम्म कर्म र कर्मफललाई विश्वास गर्दैनन् । जसले मनुष्य जीवनको मूल्य थाहा पाउँछ, उसले कर्म र कर्मफलको विषयमा विश्वास गरी आफूलाई र अरूलाई पनि भलो हुने कार्य गर्नेछ ।"

अगम्यरत्न कंसाकारले धन्यवाद ज्ञापन गर्नुभएपछि सभापति भिक्षुणी धम्मविजयाले सभापतिको आसनबाट मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

सभामा उपस्थित सबैलाई जलेश्वरी श्रेष्ठबाट जलपान प्रायोजन गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो ।

Downloaded from http://www.dhamma.digital